# रेडियो नेपालका कार्यक्रमः अर्धशताब्दीको समिक्षा

देवराज हुमागाईं

हालचाल बोकी घर घर आउने
तराइ, पहाड, हिमाल
सबको साथी हो
यो रेडियो नेपाल !

नेपाली श्रव्य सञ्चारको आकाशमा यही नारा गुञ्जाउँदै हर-दिन सूचना, शिक्षा र मनोरञ्जन बाँड्दो छ रेडियो नेपाल । २००७ साल चैत २० देखि आफ्नो प्रसारण सेवालाई निरन्तरता दिँदै आएको रेडियो नेपालले आधा शताब्दीको यात्रा पार गरिसकेको छ ।[१] पाँच दशक कुनै पनि कुराको विकास र विस्तारका लागि पर्याप्त समय हो । यो अवधिमा प्राविधिक रूपमा रेडियो नेपालको विकास र विस्तार उल्लेख्य मात्रामा भएको छ, यसमा दुइमत छैन । तर कार्यक्रम प्रसारणको सवालमा भने सन्तोष मान्ने ठाउँ छैन । रेडियो नेपालभन्दा करिब पाँच दशकपछि स्थापना भएका कान्तिपुर, केएटीएच, हिट्स, आदि एफएमहरूले २४ सै घण्टा कार्यक्रम प्रसारण गर्न थाले पनि रेडियो नेपाल भने अहिले (२०६० सालमा) पनि दैनिक १६ घण्टा मात्रै बज्छ । पूर्व निर्धारित सार्वजनिक बिदाका दिनमा भने यो १८ घण्टा प्रसारण हुन्छ ।

छापा, टेलिभिजन, इन्टरनेट जस्ता सञ्चारका माध्यमहरूबाट दरो प्रतिस्पर्धा बेहोरिरहेको रेडियो अद्यापि सशक्त माध्यम हो । नेपाल जस्तो अल्प-शिक्षित/विकसित मुलुकका लागि त रेडियो सञ्चारको मेरुदण्ड नै हो । टेलिभिजनभन्दा सस्तो, जहाँतहीँ सुन्न सकिने र लेख्न/पढ्न जान्नै पर्ने बाध्यता नभएकाले अन्य माध्यमभन्दा रेडियोको पहुँच र प्रभाव बढी हुनु स्वाभाविक हो । सम्भवतः यसै कारण नेपालमा रेडियोलाई सबैका घर-आँगनमा पुऱ्याउन प्रयास भएको छ । प्राविधिक क्षमताको हिसाबले रेडियो नेपाल 'शर्ट वेभ'मार्फत मुलुकभरि र 'मिडियम वेभ'मार्फत मुलुकका ८० प्रतिशत जनता माझ पुगेको दाबी गरिन्छ ।[२] प्रसारण स्तरलाई अझै राम्रो बनाउन 'एफएम' प्रविधिको उपयोग गर्दै देशका विभिन्न ठाउँहरूमा एफएम प्रसारण केन्द्रहरूमार्फत पनि 'रिले' प्रसारण गर्न थालिएको छ । प्राविधिक रूपमा रेडियो नेपालका कार्यक्रम मुलुकभर

१ आजको रेडियो नेपालको स्थापना औपचारिक रूपमा चैत २० गते भए पनि यसको पृष्ठभूमि भने २००७ सालको क्रान्तिको अन्त्यताका विराटनगरमा शुरु भएको क्रान्तिकारी 'प्रजातन्त्र नेपाल रेडियो' हो (कोइराला २०१६) ।

२ हेर्नुहोस् रेडियो नेपालको वेबसाइट www.radionepal.org

*Studies in Nepali History and Society* 8(1): 37-66 June 2003
© Mandala Book Point

र अन्यत्र मुलुकमा समेत सुन्न सकिए पनि सबैले रेडियो नेपाल सुनिरहेका छन् भन्ने अर्थ लगाउन मिल्दैन । त्यसका लागि पहिलो त सबैसँग रेडियो हुनुपर्‍यो र दोस्रो कार्यक्रम बुझिने पनि हुनुपर्‍यो ।[३] सन् १९९७ (२०५४ साल) मा गरिएको पछिल्लो अध्ययनले नेपालमा १७ लाख ७२ हजार रेडियो सेट भएको अनुमान गरेको थियो । सोही अध्ययनले जम्मा ७२ प्रतिशत नेपाल भित्रका नेपालीले रेडियो सुन्ने र त्यसमध्ये ८६ प्रतिशतले रेडियो नेपाल सुन्ने देखाएको थियो (मङ र घिमिरे सन् १९९७) ।

रेडियो नेपालबारे चर्चा गरिँदा अधिकांश कार्यक्रम स्तरीय नभएको, समाजका सबै वर्ग, समुदाय र भाषाभाषीलाई समेट्न नसकेको, श्रोताको चाहनाअनुसार चल्न नसकेको तथा समाचार र समाचारमूलक कार्यक्रम सत्ता पक्षको भजन गाउनमै व्यस्त हुने गरेको आरोप लाग्ने गरेको छ । तर रेडियो नेपालको प्रसारणले नेपाली समाजमा ल्याएका सकारात्मक प्रभावहरूलाई बिर्सेर आरोपमात्र लगाउनु पनि अतिशयोक्ति हुन्छ । नेपाली रङ्गक्षेत्रका अघिल्ला पुस्ताका अधिकांश गायक, सङ्गीतकार तथा कलाकर्मीहरूको आधारभूमि रेडियो नेपाल नै हो । यसर्थ कलाकारिता क्षेत्रमा रेडियो नेपालको ठूलै योगदान छ । गाउँ-गाउँका कुना-कन्दरासम्म कृषि, शिक्षा, स्वास्थ्य, परिवार नियोजन, मानव अधिकार, सुशासन, आदि विषयमा सूचित, शिक्षित गर्न रेडियो नेपालले ठूलो भूमिका खेलेको छ ।

रेडियो नेपालका विभिन्न पाटालाई लिएर समय समयमा अध्ययन/अनुसन्धान भएका छन् ।[४] सन् १९९७ मा भएको अध्ययनले रेडियोको संख्यासँगै रेडियो नेपालबाट प्रसारित कार्यक्रमहरूप्रति श्रोताका धारणा र सुझावहरू प्रकाशमा ल्याएको थियो । त्यसअघि सन् १९७४ मा न्यू एरा (सन् १९७४) ले तथा सन् १९८९ मा रिडा (सन् १९८९) ले यस्तै प्रकृतिका अध्ययन गरेका थिए । यीबाहेक रेडियो नेपालबाट प्रसारित विभिन्न कार्यक्रमलाई लिएर छुट्टा-छुट्टै किसिमका अध्ययन वा सर्वेक्षणहरू भएको पाइन्छ (न्यू एरा सन् १९७९, १९८४, १९९३; मिडिया प्वाइन्ट २०५५; कम्यूनिकेशन कर्नर सन् २००१; सी.डी.सी. सन् २००१) । यी अध्ययनमा केहीले कुनै एउटा कार्यक्रमलाई केन्द्र बनाएर खोजबिन गरेका छन् भने केहीले समग्र प्रसारणबारेमा अनुसन्धान । उल्लिखित अध्ययनहरू कुनै निश्चित अवधिमा गरिएको श्रोता सर्वेक्षणमा आधारित रहेका देखिन्छन् । र यी अध्ययनहरूमा प्राय रेडियो नेपाल आफैँ वा रेडियो नेपालमा कार्यक्रम सञ्चालन गरिरहेका संस्थाहरू नै संलग्न छन् । केही अध्ययनहरूमा आफ्नै जनशक्ति लगाइएको छ भने केही अध्ययनहरू न्यू एरा, रिडा, मिडिया प्वाइन्ट आदि जस्ता अनुसन्धानमा संलग्न संस्थाहरूद्वारा गराइएको पाइन्छ । अर्कोतर्फ रेडियो नेपालमा कार्यरत वा कार्यक्रम सञ्चालनमा कुनै न कुनै रूपमा संलग्न व्यक्तिहरूद्वारा लेखिएका

---

३ मुख्यतः नेपाली भाषा र त्यसमा पनि 'शुद्ध' भाषामा प्रसारण गरिने सामग्री सबै नेपालीले बुझ्दैनन् ।

४ रेडियो नेपालबारे गरिएका अध्ययनका सम्बन्धमा शेखर पराजुलीको लेख (प्रकाशोन्मुख) मा विस्तृत चर्चा गरिएको छ ।

संस्मरणात्मक पुस्तक, लेखहरू पनि प्रकाशमा आएका छन् (थापा २०५६, थापा २०५८ख, श्रेष्ठ २०५३/५४, श्रेष्ठ २०५६ख, श्रेष्ठ २०५२, सापकोटा २०५८, सुनुवार २०५६, सिजापति २०४०, मुनाल २०५६) । तर यी कुनैले पनि समग्रमा रेडियो नेपालका कार्यक्रमहरूको विकासक्रमबारे चर्चा गरेका छैनन् । र नखोस्रिएको त्यही पाटोमा केन्द्रित छ यो लेख । लेखमा कुनै खास अवधि र कार्यक्रम विशेषको नभई स्थापना कालदेखि कार्यक्रम प्रसारणको विकासक्रमबारे सरसर्ती चर्चा गरिएको छ ।

रेडियो नेपालबाट २००८ सालदेखि प्रकाशन हुँदै आएको रेडियो नेपालको मुखपत्र झङ्कारमा दिइने कार्यक्रम रूपरेखा यो लेखको मुख्य आधार हो । यद्यपि झङ्कारका सबै अङ्क प्राप्त गर्न सकिएन । त्यस्तै रेडियो नेपालबारे लेखिएका र उपलब्ध भएजति लेखहरू अध्ययन गरिएको छ । त्यसबाहेक रेडियो नेपालमा विगत तथा वर्तमानमा कार्यरत केही व्यक्तिहरूसँग कुराकानी पनि गरिएको थियो ।

रेडियो नेपालका कार्यक्रमबारे चर्चा गर्ने क्रममा यो लेखलाई मुख्य तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा कार्यक्रम प्रसारणलाई व्यवस्थित गर्न शुरुदेखि के कस्ता नीतिगत प्रयास भए, तिनको कार्यक्रममाथि कस्तो प्रभाव रह्यो आदि बारे चर्चा छ । दोस्रो खण्डले स्थापना कालदेखि रेडियो नेपालमा के कस्ता प्रकृतिका कार्यक्रम प्रसारण हुँदै आए र कुन अवधिमा कस्ता खाले कार्यक्रम प्राथमिकतामा परे र तिनको विकास कसरी भयो भन्ने कुरा समेट्ने छ । समग्र लेख यसै विषयमा केन्द्रित भएको हुनाले यो खण्ड अरुभन्दा लामो छ । तसर्थ यसलाई तीन ओटा उपशिर्षकमा विभाजन गरिएको छ । तेश्रो खण्डमा कार्यक्रम उत्पादनमा बाहिरी पक्षको संलग्नताबारे चर्चा गरिएको छ । अन्तमा निष्कर्ष प्रस्तुत छ ।

## नीतिगत प्रयास र प्रवृत्ति

२००७ सालमा रेडियो नेपाल स्थापना हुँदा कुनै निश्चित नीति, कार्यक्रम वा बजेट निर्धारित थिएन । २००७ सालको प्रजातान्त्रिक आन्दोलनका योद्धा तारिणीप्रसाद कोइराला र उनका केही सहयोगीका उत्साह र जोशले गर्दा नै रेडियो नेपाल (तत्कालीन नेपाल रेडियो) को स्थापना हुन पुगेको हो । विराटनगरमा क्रान्तिको बेलामा रेडियो सञ्चालन गरेको अनुभव तारिणीप्रसाद कोइरालासँग थियो त्यसैले उनी डाइरेक्टर बनाइए । अरुमा कुनै किसिमको तालिम, अनुभव वा सीप थिएन । खास भन्नु पर्दा २००७-२०१७ सालसम्मको अवधि विभिन्न प्रयोगमै बित्यो । त्यसबेला प्रसारणका लागि उपयुक्त समय कुन हो भन्नेबारे समेत सञ्चालकहरू अलमलमा परेका देखिन्छन् । एक वर्षभित्रै बिहान, दिउँसो र बेलुकी सभाको समय पटक-पटक परिवर्तन भएको कुराले

यसको सङ्केत गर्दछ ।[५] अर्कोतर्फ त्यस अवधिमा कुन कार्यक्रम प्रसारण हुने र कहिले बन्द हुने भन्ने कुराको कुनै ठेगान थिएन । रेडियो नेपालभित्र त्यसबेला कुनै किसिमको सरकारी हस्तक्षेप वा नियन्त्रण भएको कसैले उल्लेख गरेको पाइन्न । तसर्थ रेडियो नेपालभित्र जे हुन्थ्यो आफ्नै व्यवस्थापनमै हुन्थ्यो भन्ने बुझ्न सकिन्छ ।

राजा महेन्द्रले २०१७ सालमा जननिर्वाचित सरकारलाई बर्खास्त गरेर शासनसत्ता हातमा लिएपछि रेडियो नेपाल शासकहरूको प्रत्यक्ष नियन्त्रणमा चल्न थाल्यो । बहुदलीय प्रजातन्त्रभन्दा पञ्चायत व्यवस्थालाई उत्कृष्ट देखाउन खासगरी २०१७-२०२८ को अवधिमा निकै कसरत भए । पञ्चायती व्यवस्थालाई विकासमुखी देखाउन प्रचारात्मक अभियानहरू चलाइए, जसमा रेडियो नेपाल एउटा प्रमुख माध्यम बन्यो (नाम उल्लेख नभएको २०५४क, वन्त सन् २००३) । फलस्वरूप रेडियो कार्यक्रमहरूमा त्यसैअनुसार परिवर्तन आयो । समाचारदेखि स्वदेश/राष्ट्रिय गीतका नाममा बज्ने गीत/सङ्गीतहरू पञ्च/पञ्चायतमुखी हुन पुगे । दरबार रिझाउन व्यस्त बन्यो रेडियो नेपाल । रेडियो प्रसारण त छँदै थियो, राजा महेन्द्रको जन्मोत्सवमा उनीप्रति समर्पण गरिएका वार्षिक 'युग' सेरिज तथा उनको व्यक्तित्व झल्काउने पुस्तकहरूको प्रकाशन रेडियो नेपालले गऱ्यो ।[६] यसरी शक्तिकेन्द्रलाई रिझाउने तथा त्यहाँकै इशारामा चल्नेबाहेक प्रसारणलाई नियमित र व्यवस्थित बनाउने हिसाबले सरकारी तवरबाट कुनै नीति, योजना वा कार्यक्रम यो अवधिमा पनि देखिएन ।

२०२८ साउन १ गतेदेखि 'सञ्चार योजना २०२८' लागू भयो (प्रेस काउन्सिल नेपाल २०४९क) । यसमा सञ्चारका अन्य क्षेत्रहरूका साथै रेडियो नेपालको पनि उद्देश्य, नीति, योजना तथा कार्यक्रम निर्दिष्ट गरियो । सञ्चार योजनामा दैनिक ८ घण्टाको प्रसारणलाई अन्य दिनमा १२ घण्टा तथा शनिबार १३ घण्टा पुऱ्याउने लक्ष्य लिइयो । सोहीअनुरूप कार्यक्रमको मोटामोटी रूपरेखा पनि प्रस्ताव गरियो । रेडियो नेपालमा बज्ने कार्यक्रमहरूमा सबै वर्ग र समुदायलाई समेट्ने किसिमका कार्यक्रमहरू प्रसारण गर्ने योजनामा उल्लेख गरियो । समाचारलगायत प्रत्येक कार्यक्रमले समेट्नु पर्ने तथा प्रसारण गर्न नहुने विषयवस्तु पनि सो योजनामा किटान गरिएको थियो ।

रेडियो नेपालमा २०४१ सालमा अर्को परिवर्तन आयो । यो परिवर्तन रेडियो नेपालको संस्थागत संरचनामै भएको थियो । प्रसार विभागअन्तर्गत सञ्चालित रेडियो नेपाललाई २०४१ भदौ १ गतेदेखि एक आदेशद्वारा विकास समितिमा परिणत गरियो फलतः रेडियो नेपाल स्वायत्त संस्थाको रूपमा स्थापित हुन पुग्यो (प्रेस काउन्सिल नेपाल २०४९ख) । सरकारले दिएको खर्चमा चल्दै आएको रेडियो अब आफ्नै खुट्टामा उभिनुपर्ने

---

५ झङ्कार तथा रेडियो दर्पणका आधारमा । रेडियो दर्पण झङ्कार प्रकाशन नभएका बेला रेडियो कार्यक्रमसम्बन्धी जानकारी दिन खासगरी २०१० र २०२० को दशकमा प्रकाशन भएको थियो । तर नियमित थिएन ।

६ रेडियो नेपालका प्रकाशनबारे कृष्ण अधिकारीको लेख (प्रकाशोन्मुख) मा विस्तृत चर्चा गरिएको छ ।

चुनौती खडा भयो । यसले गर्दा रेडियो नेपाललाई पहिलेभन्दा आफ्नो आम्दानीको स्रोत निकै बढाउनु पर्ने अवस्था थियो । सोही वर्ष भदौअगाडि नै 'रेडियो नेपालको सुधार र सुदृढीकरण योजना' ल्याइयो (श्री ५ को सरकार २०४१) । यसमा रडियो नेपालका कार्यक्रमहरूमा 'युगीन सुधार' ल्याउने योजना रहेको उल्लेख छ । यस योजनाले रेडियो नेपालबाट प्रसारण गरिने कार्यक्रममा के कस्ता विषयवस्तुहरू कुन दिनमा कुन समयमा प्रसारण गरिने भन्नेसम्मको व्यवस्था गरेको देखिन्छ । कार्यक्रम सुधारको यस योजना कार्यान्वयन गर्नको लागि लेखक कलाकारलगायत अन्य जनशक्तिलाई प्रोत्साहन गर्नुपर्ने, पारिश्रमिकमा बृद्धि गरिनुपर्ने लगायतका कुरा उल्लेख छन् । यी विभिन्न कामका लागि रेडियो नेपाललाई ठूलो आर्थिक स्रोतको आवश्यकता पर्ने र सो पूर्तिको लागि रेडियो नेपालले विज्ञापन दरमा व्यापक वृद्धि गर्नुका साथै पहिलो पटक रेडियो नेपालबाहिर अर्थात् विभिन्न सङ्घ-संस्थाबाट सञ्चालित रेडियो कार्यक्रमलाई प्रसारण शुल्क लगाउने निर्णय गरिएको थियो । साथै कार्यक्रमहरू कुनै सङ्घ-संस्थाको प्रायोजनमा सञ्चालन गर्न सकिने व्यवस्था गरियो ।

२०४५ सालमा 'राष्ट्रिय सञ्चार नीति २०४५' ल्याइयो (श्री ५ को सरकार २०४५) । तर यस सञ्चार नीतिमा रेडियो नेपालका कार्यक्रमसम्बन्धी कुनै नयाँ र उल्लेखनीय कुरा आएन ।

२०४६ सालको राजनैतिक परिवर्तनपश्चात् मुलुकमा बहुदलीय प्रजातान्त्रिक परिपाटीको स्थापना भयो । नागरिकहरू आफ्ना हक अधिकारप्रति सचेत हुन थाले । रेडियो नेपालमा पनि सबै क्षेत्र र वर्ग तथा भाषाभाषीका जनताहरूको पहुँच पुग्नुपर्छ भन्ने आवाजहरू उठे । रेडियो नेपालको प्रसारणलाई सबै वर्ग र क्षेत्रसम्म पु¥याउन अथवा समाजका सबै वर्गहरूको पहुँचमा पु¥याउन थप नीति तथा कार्यक्रमहरूको आवश्यकता महसुस गरियो । परिणामस्वरुप २०४९ सालमा 'राष्ट्रिय सञ्चार नीति २०४९' तर्जुमा गरियो । यो नीतिमा रेडियो नेपालका कार्यक्रमको सवालमा अघिल्ला योजना तथा नीतिहरूले समेट्न नसकेका केही नयाँ कुराहरू समेटियो (श्री ५ को सरकार २०४९) । तीमध्ये क्षेत्रीय प्रसारणको अवधारणालाई लिई क्रमिक रूपले राष्ट्रिय भाषाहरूमा कार्यक्रम प्रसारण गर्ने, शिक्षा तथा मनोरञ्जनात्मक कार्यक्रम उत्पादन गरी प्रसारण गर्न चाहने निजी क्षेत्र तथा विदेशी सञ्चारमाध्यमलाई निश्चित शर्त र प्रकृयाका आधारमा समय उपलब्ध गराउने, आदि उल्लेख्य छन् ।

पाँच विकास क्षेत्रमा क्षेत्रीय प्रसारण केन्द्रहरूको स्थापना र विभिन्न राष्ट्रिय भाषामा समाचार तथा कार्यक्रमहरू प्रसारण, गैरसरकारी संस्था तथा निजी क्षेत्रको कार्यक्रम उत्पादन तथा प्रसारणमा बढ्दो सहभागिता, आदि २०४९ सालपछि प्रसारणको सवालमा देखिएका महत्वपूर्ण उपलब्धि हुन् ।

## सूचना, शिक्षा र मनोरञ्जनको दृष्टिबाट रेडियो नेपालका कार्यक्रम

स्थापनाकालदेखि २०६० सालसम्ममा रेडियो नेपालबाट धेरै कार्यक्रमहरू प्रसारण भैसकेका छन्। ती सबै कार्यक्रमको नाम यहाँ उल्लेख गर्न सम्भव छैन र त्यसले खास अर्थ पनि राख्दैन। आफूले प्रसारण गर्ने कार्यक्रमहरूलाई तिनको उद्देश्य र प्रकृतिको आधारमा रेडियो नेपालले सूचनामूलक, शिक्षामूलक र मनोरञ्जनात्मक कार्यक्रम भनी तीन वर्गमा छुट्टयाउने गरेको छ। त्यसो त रेडियो नेपालबाट प्रसारितमध्ये सबै कार्यक्रमलाई यो पूर्णरूपमा सूचनामूलक, वा यसले शुद्ध मनोरञ्जन मात्र प्रदान गर्छ भनेर छुट्टयाउन सकिन्न। कारण, कतिपय कार्यक्रमहरूभित्र सूचना, शिक्षा र मनोरञ्जन तीनै कुरा समेटिएको हुन्छ। यस्तो वर्गीकरणको कुनै खास मापदण्ड तोकिएको नभेटिए पनि कार्यक्रमले कुन कुरालाई बढी प्राथमिकता दिएको छ, वा कुन विषय वा वर्गलाई प्रसारणको केन्द्रविन्दु मानेको छ त्यसका आधारमा छुट्टयाउने गरिएको छ।

**तालिका १: कार्यक्रमका किसिम र तिनको अनुपात[७]**

| कार्यक्रमका किसिम | २००८ साल | २०२८ साल | २०४१ साल | २०६० साल |
|---|---|---|---|---|
| दैनिक प्रसारण अवधि | ४.५ घण्टा | ८ घण्टा | १३.५ घण्टा[क] | १६ घण्टा[ख] |
| सूचनामूलक | २२ प्रतिशत | १६ प्रतिशत | १६ प्रतिशत | २२ प्रतिशत |
| शिक्षामूलक | २३ प्रतिशत | २३ प्रतिशत | ३५ प्रतिशत | २० प्रतिशत |
| मनोरञ्जनात्मक | ५५ प्रतिशत | ६१ प्रतिशत | ४९ प्रतिशत | ५८ प्रतिशत |

स्रोत: झङ्कार (१-१५ असोज २००८, असार २०२८ र असार २०४१) र रेडियो नेपाल कार्यक्रम महाशाखाको रेकर्ड २०६०।
क आइतबारदेखि शुक्रबारसम्म शर्टवेभ व्याण्डमा मात्र छुट्टै अतिरिक्त १ घण्टा।
ख शनिबार तथा पूर्वनिर्धारित सार्वजनिक विदाका दिनमा अतिरिक्त २ घण्टा।

रेडियो नेपालको वेबसाइट (www.radionepal.org) मा समाचार, रेडियो रिपोर्ट, अखबार समीक्षा तथा विकासमूलक गतिविधि समेटिएका कार्यक्रमलाई सूचनामूलक उल्लेख छ। यो वर्गमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक घटना र परिस्थितिका साथै राष्ट्रमा भएका विकास निर्माणबारे सूचना दिने उद्देश्यले प्रसारण हुने कार्यक्रम पर्छन्। धार्मिक, साहित्यिक, विज्ञान र प्रविधि, कृषि, दूरशिक्षा, महिला, बाल, युवा, जनस्वास्थ्य र वातावरण, आदि विषयका कार्यक्रमलाई शिक्षामूलक कार्यक्रमको वर्गमा

---

७ तालिकामा उल्लिखित २०६० बाहेक अरू ३ वटा समयका लागि रेडियो नेपालको प्रकाशन झङ्कारमा दिइएको कार्यक्रम रुपरेखाको सहायता लिइएको छ। त्यहाँ दिइएकोमध्ये एक हप्ता सम्मका कार्यक्रमहरू र तिनले ओगटेको समयका आधारमा प्रतिशत निकालिएको हो। २०६० को तथ्याङ्क भने रेडियो नेपाल कार्यक्रम महाशाखाको रेकर्डबाट सोझै साभार लिइएको हो।

राखिएको छ । तसर्थ शिक्षामूलक कार्यक्रमले समाजका विभिन्न वर्ग वा समुदायलाई लक्षित गरेर कुनै खास विषयमा शिक्षा दिई श्रोतामा ज्ञान वा सीपको अभिवृद्धि गराउने उद्देश्यले प्रसार गरिने कार्यक्रमलाई बुझाउँछ । त्यस्तै साङ्गीतिक तथा रेडियो नाटक र हास्यव्यङ्ग्यमूलक कार्यक्रम मनोरञ्जनात्मक कार्यक्रमअन्तर्गत परेका छन् ।

रेडियो नेपालले यी तीन किसिमका कार्यक्रमलाई छुट्ट्याएको समय सधैँ एकनासको छैन । र, त्यस्तो बाँडफाँडको पछाडिको आधार पनि खुलाइएको पाइँदैन । तालिका १ मा रेडियो नेपालको स्थापना कालदेखि यताका विभिन्न ४ वटा वर्षमा बाँडिएको समयावधिलाई प्रस्तुत गरिएको छ । तालिकाबाट मनोरञ्जनात्मक कार्यक्रमले स्थापना कालदेखि नै कुल प्रसारण अवधिको आधाआधी समय पाएको देखिन्छ ।

### *सूचनामूलक कार्यक्रम*

रेडियो नेपालबाट प्रसारित कार्यक्रमको इतिहास खोतल्दा सूचनामूलक कार्यक्रमअन्तर्गत समाचार नै प्रमुख रूपमा देखा पर्दछ । प्रसारण शुरु गरेकै दिन (२००७ चैत २०) देखि रेडियो नेपालले नेपाली र अङ्ग्रेजी भाषामा समाचार दिन थालेको थियो । ५ दिनपछि चैत २५ बाट हिन्दी भाषामा समाचार शुरु गरियो भने २००८ बैशाख १ गतेदेखि नेवारी (नेपाल) भाषामा पनि समाचार बज्न थाल्यो (श्रेष्ठ २०५६क) । शुरुमा नेपाली र हिन्दी समाचार दैनिक २/२ पटक तथा अङ्ग्रेजी र नेवारी समाचार १/१ पटक प्रसारण गरिन्थे । नेपाली समाचार १५ मिनेटको, हिन्दी १० मिनेटको तथा अङ्ग्रेजी र नेवारी ५/५ मिनेटका हुन्थे ।

२०१९ सालमा रेडियो नेपालले जिल्ला समाचार शुरु गऱ्यो (सिंह २०२०) । अहिले यो स्थानीय समाचारको नामबाट बज्ने गरेको छ । नेपाली र अङ्ग्रेजी भाषामा राष्ट्रिय तथा स्थानीय समाचार निरन्तर प्रसारण भएका छन् ।[८] तर नेवारी र हिन्दी भाषाका समाचारले भने निरन्तरता पाउन सकेनन् । २०२२ साल बैशाख १ गतेदेखि अचानक हिन्दी र नेवारी भाषामा प्रसारण गरिने समाचार बन्द गरियो । सांस्कृतिकलगायत रूपक, झलक, आदि कार्यक्रमका लागि समय निकाल्न ती दुई भाषाका समाचार हटाइएको तर्क ऊबेला दिइएको थियो (लायकु २०५९) । तर सो तर्कमा कुनै दम देखिँदैन । उल्लिखित कार्यक्रमका लागि समय निकाल्न यी समाचार नै हटाउनु पर्ने अवस्था थिएन । अरू कुनै कार्यक्रम हटाउन वा गीत सङ्गीतको समय घटाउन सकिन्थ्यो । प्रसारण समय विस्तार गर्न सकिन्थ्यो । तर त्यसो गरिएन । राज्य एक भाषा (नेपाली), एक संस्कृति (हिन्दू) र एक दल (पञ्चायत) लाद्न प्रयत्नशील थियो र सोहीअनुरुप नेवारी, हिन्दी भाषाका समाचार बन्दगरिएको थियो । यद्यपि तत्कालीन

---

८ यी समाचारहरूमा के कति समय थपघट वा कहिले दैनिक कतिपटक प्रसारण हुन्थ्यो तथा क-कसले समाचार वाचन गरे भन्नेबारे ध्रुव थापा (२०५६) को लेखमा विस्तृत चर्चा गरिएको छ ।

नेवारी समाचार वाचक हरि श्रेष्ठ त्यही बेला भारतमा भाषासम्बन्धी ठूलै विद्रोह उठेको र त्यस्तो विद्रोह नेपालमा पनि भित्रिन सक्ने भयले सत्ताले यो कदम चालेको अनुमान गर्नुहुन्छ । त्यसबेला अन्य भाषाभाषीले पनि रेडियो नेपालमा प्रवेश पाउनुपर्छ भन्ने आवाज उठाउन थाल्नु अर्को कारण हुनसक्ने उहाँको अनुमान छ ।

यसरी बन्द गरिएको हिन्दी र नेवारी भाषाका समाचार प्रजातन्त्र पुनर्वहाली भए लगत्तै २०४७ असार १५ गते एकै दिन पुनः शुरु गरियो । २०४९ सालको सञ्चार नीतिमा क्षेत्रीय प्रसारणको अवधारणा लिई क्रमिक रूपले राष्ट्रिय भाषाहरूमा कार्यक्रम प्रसारण गर्ने (श्री ५ को सरकार २०४९) व्यवस्थाअनुरुप अन्य भाषाभाषीका समाचार धमाधम थपिन थाले । २०५१ भदौ १ देखि कुल जनसंख्याको कम्तीमा १ प्रतिशतले बोल्ने विभिन्न ८ वटा राष्ट्रिय भाषाका समाचार शुरु गरिए । २०५१ पुस १७ देखि मैथिली, चैत २० देखि संस्कृत, २०५३ असार १ गतेदेखि शेर्पा तथा भदौ १ देखि उर्दू भाषामा केन्द्रीय प्रसारणमार्फत् समाचार प्रसारण हुन थाल्यो । २०६० माघ सम्मको रेकर्डअनुसार रेडियो नेपालबाट जम्मा २० भाषामा समाचार प्रसारण हुन्छ । केन्द्रीय प्रसारणअन्तर्गत सबै 'फ्रिक्वेन्सी'बाट नेपाली, अङ्ग्रेजी, हिन्दी, नेवारी, मैथली र संस्कृत भाषामा, केन्द्रीय प्रसारणअन्तर्गत नै शर्टवेभ 'फ्रिक्वेन्सी'बाट उर्दू र शेर्पा भाषामा समाचार प्रसारण हुन्छ । त्यसैगरी क्षेत्रीय प्रसारण केन्द्रअन्तर्गत धनकुटा प्रसारण केन्द्रबाट पूर्वीया थारु, राई बान्तवा र लिम्बु; काठमाडौं प्रसारण केन्द्रबाट भोजपुरी र तामाङ; पोखरा प्रसारण केन्द्रबाट मगर र गुरुङ तथा सुर्खेत प्रसारण केन्द्रबाट पश्चिमा थारु, राना थारु, अवधी, खाम मगर र डोटेली भाषामा समाचार प्रसारण हुँदै आएको छ (कार्यक्रम महाशाखाको रेकर्ड २०६०) । शुरुमा ती समाचारहरू केन्द्रमा उत्पादन भई रिले प्रसारण हुने गरेकोमा २०५४ चैत २० गतेदेखि सम्बन्धित क्षेत्रीय प्रसारण केन्द्रहरूमा नै उत्पादन हुन थाल्यो (थापा २०५८क) । दिपायल प्रसारण केन्द्रबाट अन्य कार्यक्रम प्रसारण हुने गरे पनि समाचार प्रसारण हुने गरेको छैन ।

यसरी प्रजातान्त्रिक व्यवस्थाले ल्याएको उदार नीतिका कारण जनसंख्याको महत्वपूर्ण हिस्सा ओगट्ने भाषाभाषीले रेडियो नेपालमा स्थान पाउन थालेका छन् । यद्यपि अझै सम्पूर्ण भाषाभाषी अट्न नसकेको स्थिति छ । अर्कोतिर प्रसारित विभिन्न भाषाका समाचार पनि औपचारिकतामा नै सीमित रहेका, तथा स्थानीय सरोकारभन्दा राष्ट्रिय राजनीतिमा नै बढी केन्द्रित रहेकाले स्थानीय जनताका लागि खास उपलब्धिमूलक हुन नसकेको आरोप पनि लाग्ने गरेको छ (सुब्बा २०५२) ।

समाचारबाहेक सूचनामूलक कार्यक्रमहरूमा विकास निर्माणका गतिविधिसम्बन्धी वार्ता, रेडियो रिपोर्ट, अखबारमा प्रकाशित सम्पादकीयहरूको समीक्षा, संसद गतिविधि तथा समसामयिक विषयका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना र गतिविधि समेटिने कार्यक्रम पनि रेडियो नेपालबाट प्रसारण हुँदै आएका छन् । रेडियो नेपालको प्रसारण शुरु भएको करिब एक दशकसम्म उल्लेखनीय कार्यक्रम प्रसारण भएको देखिँदैन ।

२०१६ सालमा 'सम्पादकीय समीक्षा' शुरु भएको थियो जुन २०३७ सालमा पुगेर बन्द भयो । त्यसपछि पत्रपत्रिकामा प्रकाशित सम्पादकीयलाई समेटेर लामो समयसम्म कार्यक्रम प्रसारण भएन । २०५४ सालतिर आएर 'अखबार' कार्यक्रम शुरु भयो । संसद अधिवेशन चालु भएका बखत संसदको गतिविधिबारे जानकारी दिन २०१७ साल असार ४ गते 'संसदीय समीक्षा' शुरु भएको थियो । यो ३ महिनामात्र सञ्चालन भएर असोज ८ गतेदेखि बन्द भयो । २०१७ साल पुसमा संसदीय व्यवस्था नै विघटन भएका कारण यसले निरन्तरता पाउन सकेन । यद्यपि पञ्चायती व्यवस्थामा पनि राष्ट्रिय पञ्चायतको अधिवेशन भएको बेला राष्ट्रिय पञ्चायतका सदस्यहरूले बोलेका कुराहरूबारे कार्यक्रम बज्ने गर्दथ्यो । सोही प्रकृतिको कार्यक्रम २०४८ सालपछि 'संसद गतिविधि'को नामबाट बज्न थाल्यो । यीबाहेक २०२१ सालमा शुरु भएको 'बाह्य' कार्यक्रम तथा २०२८ सालको सञ्चार योजनापश्चात शुरु भएको 'सामयिक चर्चा' पनि लामो समयसम्म सञ्चालनमा आए । खासगरी 'बाह्य' कार्यक्रम विदेशीहरूका लागि नेपालको विकास निर्माण, संस्कृति र समसामयिक गतिविधिबारे जानकारी दिने अङ्ग्रेजी भाषाको कार्यक्रम थियो । त्यस्तै 'सामयिक चर्चा'मा दैनिक घटनाक्रमहरूलाई समीक्षात्मक ढङ्गले प्रसारण गरिन्थ्यो । २०३५ सालमा मन्त्रालयको काम-कार्वाहीबारे प्रकाश पार्ने 'मन्त्रालय गतिविधि' नामक कार्यक्रम पनि शुरु भएको थियो । यो कार्यक्रम २०४० सालतिर बन्द भयो ।[९]

२०४६ सालको राजनैतिक परिवर्तनपछि 'घटना र विचार', 'परिक्रमा', 'चिन्तनको चौतारी', 'परिवेश', 'संसद गतिविधि', 'सांसद फोनइन' (पछि 'सांसद-मन्त्री फोनइन'), 'अखबार' जस्ता सूचनामूलक कार्यक्रम प्रसारण भएका तथा हुँदै आएका देखिन्छन् । राजनैतिक आरोप प्रत्यारोप तथा सरकारी नियन्त्रण र हस्तक्षेप आदिका कारण 'घटना र विचार' कार्यक्रमले निकै चर्चा पायो । खासगरी समसामयिक विषयवस्तु, सरकारको नीति कार्यक्रम तथा प्रजातान्त्रिक हक अधिकारबारेको बहसलाई रेडियोमार्फत उजागर गर्न यो कार्यक्रम शुरु भएको थियो । रेडियो नेपालको आन्तरिक जनशक्ति र व्यवस्थापनमा नभई बाहिरी सञ्चालकहरू नियुक्त गरी यो कार्यक्रम शुरु भएको थियो । २०४७ भदौ १३ देखि अन्तरिम सरकारको निर्देशनमा पुरुषोत्तम दाहाललाई संयोजकको रूपमा नियुक्त गरी 'यो हप्ता' कार्यक्रम शुरु भएको थियो । साप्ताहिक रूपमा चल्ने यो कार्यक्रम २/३ साता सञ्चालन भएपछि असोजको पहिलो हप्तादेखि नै श्रोताहरूको माग बमोजिम समय विस्तार गरी हप्ताको तीन पटक प्रसारण गर्न थालियो । र सोही समयदेखि नै कार्यक्रमको नाम 'घटना र विचार' राखियो । शुरुको २/३ वर्ष यो कार्यक्रम राम्ररी नै चल्यो । प्रस्तुति र विषयवस्तुका कारण यसले श्रोताहरूबाट प्रशंसा पनि पाएको थियो । प्रसारित विषयवस्तुहरू सार्वजनिक चासो र चिन्ताका हुन्थे ।

९ यो अनुच्छेदमा व्यक्त कुरा विभिन्न समयमा प्रकाशित झङ्कारको कार्यक्रम रुपरेखामा आधारित छ ।

सरकारी पक्षको गुणगान र प्रचारलाई अगाडि त ल्याउँथ्यो नै, तर पनि प्रजातन्त्र तथा जनअधिकारका कुराहरू पनि गर्ने हुनाले यो कार्यक्रमलाई श्रोताहरूले रुचाएका थिए । तर जब २०५० सालको उपचुनावपछि सत्तारुढ नेपाली काङ्ग्रेसभित्रै आपसी द्वन्द्व चर्कँदै गयो, त्यसपछि एउटा समूहको (कृष्णप्रसाद भट्टराई समूह) पक्षमा 'घटना र विचार'ले प्रसारण गरेका कुरा अर्को समूह (गिरिजाप्रसाद कोइराला समूह)लाई पचेन । फलस्वरुप कार्यक्रमको सञ्चालक नै फेर्ने स्थिति उत्पन्न भयो । र, पुरुषोत्तम दाहालको टीमको ठाउँमा देवप्रकाश त्रिपाठी (कोइराला समूहसँग नजिक) को टीम 'घटना र विचार' सञ्चालन गर्न आइपुग्यो । त्यसपछि त हरेक पटक सरकार परिवर्तन हुनेबित्तिकै कार्यक्रम सञ्चालकहरू फेरिने परिपाटी बस्यो । अनि कार्यक्रम पनि सत्तापक्षको स्तुती गाउने तथा विपक्षीको खोइरो खन्ने माध्यम बन्यो । फलस्वरुप पछिल्ला दिनमा यस कार्यक्रमले प्रशस्तै आलोचना खेप्नु परेको छ (चालिसे २०५४, कँडेल २०५५, पोखरेल २०५६, चापागाईं प्रकाशोन्मुख) ।

'घटना र विचार'कै नियति 'चिन्तन को चौतारी', 'परिक्रमा', 'परिवेश', जस्ता कार्यक्रमले पनि भोग्नु पऱ्यो । विषयवस्तुका आधारमा यी कार्यक्रमहरू 'घटना र विचार' जस्तै भए पनि 'घटना र विचार'को छायाँमा परेर हो वा किन हो यिनको त्यति चर्चा भएको पाइन्न । 'परिवेश' २०६० सालसम्म सञ्चालन भैरहेको छ भने अन्य दुई कार्यक्रम बन्द छन् । सूचनामूलक कार्यक्रमकै पंक्तिमा २०५० सालतिरदेखि आफ्नो क्षेत्रका विकास निर्माणका गतिविधिबारे जनताको जिज्ञासालाई त्यसै क्षेत्रका सांसद वा मन्त्रीद्वारा प्रत्यक्ष रूपमा समाधान गर्न 'सांसद-मन्त्री फोनइन' कार्यक्रम पनि सञ्चालन गरिएको थियो । जनप्रतिनिधिलाई आफ्नो क्षेत्रका जनताप्रति केही मात्रामा भएपनि जवाफदेही बनाउन सघाउने यस कार्यक्रमले पनि निरन्तरता पाएन । संसद नै विघटन भएको र नयाँ निर्वाचन नभएकाले यो कार्यक्रम अहिलेको अवस्थामा चल्न नसक्ने स्पष्टै छ ।

तालिका १ ले मनोरञ्जनात्मक र शिक्षामूलक कार्यक्रमको तुलनामा सूचनामूलक कार्यक्रमले सबैभन्दा कम स्थान पाएको (२०६० सालमा बाहेक) देखाउँछ । खासगरी स्थापनाको एक दशकसम्म पनि रेडियो नेपालका लागि सूचना वा समाचारको स्रोत अत्यन्त सीमित थियो । राष्ट्रिय समाचारका लागि प्रायः मन्त्रालय वा सरकारी निकायको विज्ञप्तिहरूमा नै भर पर्नु पर्दथ्यो (थापा २०५६) । अन्तर्राष्ट्रिय समाचारको हकमा २०१४ सालतिरदेखि नै भारतीय समाचार एजेन्सीहरूको सहयोग लिइन्थ्यो । यसका लागि तत्कालीन प्रचार विभागले गोरखापत्र तथा रेडियो नेपालका लागि प्रेस ट्रस्ट अफ इण्डिया र हिन्दुस्तान समाचारबाट मासिक रूपमा समाचार सेवा खरिद गर्थ्यो (खत्री सन् १९७६) । यसवापत प्रेस ट्रस्ट अफ इण्डियालाई मासिक भारतीय दुई हजार रुपियाँ र हिन्दुस्तान समाचारलाई ६ सय रुपियाँ बुझाउने गरिन्थ्यो । २०१६ सालमा स्थापित नेपाल संवाद समिति र २०१७ सालमा स्थापित सगरमाथा संवाद समिति मिलेर २०१८

साल फागुन ७ गते राष्ट्रिय संवाद समिति (पछि राष्ट्रिय समाचार समिति) गठन भयो (खत्री सन् १९७६) । यसले गर्दा रेडियो नेपालका लागि समाचारको स्रोत बढ्न पुग्यो ।

राष्ट्रिय समाचार समितिको स्थापना भएपछि २०४७ सम्म रेडियो नेपाल यसैमा मात्र निर्भर रह्यो । २०४७ मा रेडियो नेपालले देशका विभिन्न जिल्लामा आफ्ना संवाददाता राख्न शुरु गऱ्यो (के.सी. २०५६) । अहिले रेडियो नेपालले अधिराज्यका प्रायः सबै जिल्लाबाट आफ्ना संवाददाता/समाचारदातामार्फत् समाचार सङ्कलन गर्ने गर्दछ ।

समग्रमा भन्नुपर्दा निर्दलीय पञ्चायती व्यवस्था शुरु भएपछि तत्कालीन सत्ताले जनतालाई सूचना बाँड्न कञ्जुस्याइँ गरेको देखिन्छ । पञ्चायतले एकातिर प्रसारण भइरहेका हिन्दी र नेवारी भाषाका समाचारलाई बन्देज लगायो भने अर्कोतिर सूचनामूलक कार्यक्रमको अनुपात पनि लगभग १६ प्रतिशतमा सीमित रह्यो । पञ्चायती कालभरि रेडियो नेपालको समाचारले एकतर्फी रूपमा निर्दलीय पञ्चायती व्यवस्थाको पक्षमा मात्र वकालत गर्दथ्यो । विपक्षका आवाजहरूले ठाउँ पाउने त कल्पना गर्न सकिन्नथ्यो । बरु राष्ट्रियता जोगाउने नाममा व्यवस्था र शासकीय शैलीको गल्ती कमजोरीहरू औंल्याउनेलाई राजद्रोही, अराष्ट्रिय तत्व वा व्यवस्था विरोधी भनी उनीहरूविरुद्ध घृणा र द्वेष फैलाउने समाचारलाई प्राथमिकता दिइन्थ्यो । नागरिकका प्रत्यक्ष सरोकारका भन्दा सरकारी प्रचार सामग्री तथा उच्च ओहदामा रहेका व्यक्तिहरूका भाषण र वक्तव्य नै प्राथमिकताका विषय बन्थे ।

२०४६ सालमा प्रजातान्त्रिक परिपाटीको उदय भएपछि केही मात्रामा भए पनि भाषाभाषीले रेडियोमा छिर्ने मौका पाए र सूचनामूलक कार्यक्रमको अनुपातमा पनि वृद्धि भयो । सूचनामूलक कार्यक्रमको मात्रा बढे पनि विषयवस्तुको हिसाबले पञ्चायती संस्कारबाट भने रेडियो नेपाल पूर्णरूपमा मुक्त हुन सकेन । बहुदलीय प्रजातन्त्र देशमा विद्यमान भए पनि सरकारी स्वामित्वको रेडियो सत्ताको गुणगान गाउने र विपक्षीलाई होच्याउने माध्यम बनिरहेकै छ । अझ मुख्यगरी सूचनामूलक कार्यक्रमहरूमाथि सत्ता पक्षको अनावश्यक नियन्त्रण मात्र रहेन, २०४९ को सञ्चार नीतिविपरीत समाचारमा विषयवस्तुको संवेदनशीलतालाई भन्दा पदलाई नै प्राथमिकता दिइयो । यसरी रेडियो नेपालका समाचार र समाचारमूलक कार्यक्रमहरू निष्पक्ष र सन्तुलित हुन नसक्दा यसप्रति जनविश्वास घट्दै गएको छ । अर्कोतर्फ गैरसरकारी (निजी, सामुदायिक दुवै) स्तरमा खुलेका एफएमहरूले विषयवस्तुको महत्व र सान्दर्भिकताका आधारमा समाचारहरू दिने गरेको देखिन्छ । फलतः ती माध्यमप्रति आकर्षण बढेको र तिनैका समाचार/सामग्रीमा धेरैले भर मान्न थालेको अवस्था छ ।

### *शिक्षामूलक कार्यक्रम*

स्थापनाको २ दशकसम्म पनि रेडियो नेपालले कार्यक्रम प्रसारणको सवालमा खासै गति लिन सकेको देखिँदैन । साधन र स्रोतको कमी तथा २०२८ सालको सञ्चार योजना

लागू हुनुअगाडि प्रसारणसम्बन्धी कुनै ठोस नीति तथा योजना नबनेका कारण रेडियो नेपाल अपरिपक्व अवस्थामा नै रह्यो । शुरु शुरुमा कमजोर आर्थिक अवस्थाका कारण भौतिक सामग्रीहरू यथेष्ट मात्रामा जुटाउन नसकेको तथा भएका सीमित कर्मचारीलाई पनि तलब खुवाउन नसकेको जस्ता थुप्रै दृष्टान्त हरि श्रेष्ठ (२०५६ख)को पुस्तक रेडियो नेपाल: एक सम्झनामा पाइन्छन् । अहिले जस्तो छापा र सूचना प्रविधिको विकास नभइसकेको अवस्थामा कार्यक्रम सञ्चालकहरूले पनि थप ज्ञान आर्जन गरी श्रोतासँग बाँड्न सक्ने अनुकूल वातावरण थिएन । सीमित ज्ञान र सीपकै आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्ने बाध्यता थियो । तसर्थ 'बाल', 'फौजी', 'पुलिस', 'नारी', 'किसान', 'छात्र', 'साहित्यिक', आदि नामका थोरै कार्यक्रमहरू मात्र त्यसबखत प्रसारण हुने गरेको पाइन्छ ।

अर्कोतर्फ प्रसारण सामग्री तथा सञ्चालकको अभावले गर्दा कार्यक्रमले निरन्तरता पाउन सक्दैनथ्यो । २००८ बैशाख २३ देखि शुरु भएको 'नारी' कार्यक्रम यस्तै कारणले गर्दा ७ महिनामै बन्द भएको थियो ।[१०] 'बाल', 'किसान', 'छात्र' आदि कार्यक्रमहरूले पनि निरन्तरता पाउन सकेनन् । तर 'फौजी' र 'पुलिस' कार्यक्रमले भने त्यस्तो नियति भोग्नु परेन । यी कार्यक्रमहरू २०६० सम्म निरन्तर प्रसारण भैरहेका छन् । यद्यपि पहिलेको 'फौजी' र 'पुलिस' कार्यक्रमको नाम परिवर्तन भई क्रमशः 'शाही नेपाली सैनिक' र 'प्रहरी' कार्यक्रम भएका छन् । यी कार्यक्रम शुरुदेखि नै सैनिक र प्रहरी सङ्गठन आ-आफैँले सञ्चालन गर्दै आएका हुन् । रेडियो नेपालले एउटा कार्यक्रम सञ्चालन गरिदिन आग्रह गरेपछि सेनाले २००८ बैशाख/जेठतिरदेखि 'फौजी' कार्यक्रम सञ्चालन गरेको कुरा मोहन थापाले आफ्नो लेखमा उल्लेख गरेका छन् (थापा २०५८ख) । र सोही समयमा फौजी कार्यक्रमकै नामबाट रक्षा दलले पनि कार्यक्रम सञ्चालन गरेको थियो । त्यतिबेला 'फौजी' कार्यक्रम राष्ट्रिय सेना र रक्षादले छुट्टाछुट्टै रूपमा सञ्चालन गर्ने गरेको कुरा हरि श्रेष्ठ बताउनुहुन्छ । २००८ सालमा प्रकाशित झङ्कारका विभिन्न अङ्कहरू हेर्दा पनि 'फौजी कार्यक्रम (राष्ट्रिय सेना)' र 'फौजी कार्यक्रम (रक्षादल)' भनी उल्लेख गरिएको छ ।

वि.सं. २०१४/०१५ सालतिर रेडियोमार्फत प्रौढ शिक्षाको प्रचार गर्ने कार्य पनि भएको थियो । कलेज अफ एजुकेशनद्वारा सञ्चालित सो 'प्रौढ शिक्षा' कार्यक्रम दैनिक आधा घण्टा चौथो सभामा प्रसारण हुन्थ्यो (रेडियो दर्पण २०१४) । रेडियो नाटकका कलाकार मदनदास श्रेष्ठको लेखमा तत्कालीन समयमा रेडियो नाटक तथा रुपकहरूको माध्यमद्वारा प्रौढ शिक्षाको प्रचार प्रसार गरिएको उल्लेख छ (श्रेष्ठ २०५३/५४) ।

---

१० झङ्कार २००८ कार्तिकमा प्रकाशित सूचनाबाट । 'नारी' कार्यक्रमबारे बीना शर्माको लेख (प्रकाशोन्मुख) मा विस्तृत चर्चा गरिएको छ ।

यसबाट नाटक, रुपक तथा अन्य सामग्री समेटेर 'प्रौढ शिक्षा' कार्यक्रम प्रसारण हुने गरेको बुझिन्छ ।

२०२५ सालमा सम्भवतः रेडियो नेपालको इतिहासमा पहिलो पटक कार्यक्रमबारे अध्ययन गरी आवश्यक सुझाव दिन एउटा सल्लाहकार समिति बन्यो । तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य विष्णुप्रसाद लोहनीको अध्यक्षतामा १२ सदस्यीय 'रेडियो नेपाल कार्यक्रम सल्लाहकार समिति' गठन गरिएको थियो (गोरखापत्र २०२५) । यस समितिले विभिन्न वर्गीय हितका कार्यक्रमहरू थप गरिनुपर्ने, गाउँ फर्क राष्ट्रिय अभियानसम्बन्धी कार्यक्रम शुरु गर्ने, व्यापारिक सेवालाई विस्तार गरी बढी आयआर्जन गर्नुपर्ने, नेपाली सङ्गीतलाई आफ्नो परम्परा र संस्कृतिको आधारमा प्रतिनिधित्वपूर्ण तुल्याउन प्रयत्न गर्ने जस्ता सुझावहरू दिएको थियो । रेडियो नेपालमा यसपछि 'आराधना' (धार्मिक कार्यक्रम), 'गाउँफर्क', 'परिवार नियोजन', 'सौजन्य' जस्ता नयाँ कार्यक्रम शुरु भएका थिए । त्यस्तै, 'कृषि' कार्यक्रम हप्तामा चार पटक प्रसारण हुन थाल्यो । यो कार्यक्रम २०२३ मंसिर २५ देखि कृषि सूचना तथा सञ्चार केन्द्रद्वारा सञ्चालन हुन थालेको थियो (शर्मा सन् २००३, दीक्षित सन् १९७९) ।

२०२५ सालको सुझाव तथा २०२८ सालको सञ्चार योजनाले शिक्षामूलक कार्यक्रमको विकास र विस्तारमा ठूलै भूमिका खेलेको छ । सो सञ्चार योजनापछाडि नै समाजका अनेक वर्गलाई लक्ष्य गरेर थुप्रै विषयमा कार्यक्रमहरू रेडियोबाट नियमित प्रसारण हुन थालेको पाइन्छ । तर उपेक्षित, उत्पीडित दलित, अपाङ्ग, मधेसी, जनजाति तथा भाषाभाषीलाई लक्षित गरेर कुनै कार्यक्रम आएन । बरु नेपाल भाषा, साहित्य र संस्कृति विषय समेटिएको नेपाल भाषाकै कार्यक्रम 'जीवन दबु' २०२९ सालमा आएर बन्द हुन पुग्यो ।[११] 'युवक', 'मजदुर', 'बैंकिङ', 'पर्यटन', 'हाम्रो वन', 'मातृशिशु कल्याण', 'साहित्यिक' (पछि 'साहित्य संसार'), 'भू.पू. सैनिक', 'शिक्षकहरूका लागि', 'खेलकुद', 'स्कूल प्रसारण', 'विज्ञान र प्रविधि', 'रेडियो शिक्षक तालिम' कार्यक्रम आदि यसै अवधिमा शुरु भएका थिए ।[१२]

२०२८ सालमा नेपालमा नयाँ शिक्षा नीति लागू गरियो र सो नीतिको प्रचार तथा विद्यालय शिक्षालाई प्रवर्द्धनका लागि रेडियोको उपयोग राम्रैसँग भयो । त्यसो त शिक्षा प्रवर्द्धनमा रेडियोको उपयोग गर्न थालिएको शुरुआती दिनदेखि नै हो । २००८ सालतिर

---

११ हरि श्रेष्ठका अनुसार नेपाल भाषा साहित्य पाला, त्रिचन्द्र कलेजले यो कार्यक्रम २०१७ भदौदेखि सञ्चालन गरेको थियो । उक्त सङ्गठनका अध्यक्ष तथा कार्यक्रम सञ्चालक हितकर विर सिंह कंसाकारले नेपाल भाषा र संस्कृतिको पक्षमा आन्दोलन गर्नुपर्ने आशय रेडियोबाट प्रसार गरेका थिए । सोही कारण यो कार्यक्रम सञ्चालन गर्न उक्त सङ्गठनलाई दिइएन र २०१९ जेठ ३ देखि रेडियो नेपाल आफैंले सञ्चालन गर्न थाल्यो । २०२९ सालमा बन्द गरिनुको कारणबारे भने थाहा हुन सकेन । यो कार्यक्रम असार १, २०५४ देखि पुनः सञ्चालन हुँदै आएको छ ।

१२ २०२८ देखि २०४१ सालसम्म प्रकाशित झङ्कारको आधारमा ।

नै रेडियोबाट 'छात्र' कार्यक्रम प्रसारण हुन्थ्यो (झङ्कार २००८) भने २०१४ सालमा कलेज अफ एजुकेशनअन्तर्गत प्रौढ शिक्षा शाखाले रेडियो नेपालबाट 'प्रौढ शिक्षा' कार्यक्रम सञ्चालन गर्न थाल्यो (के.सी. २०२१) । पछि सन् १९६१ को शुरु (२०१७ साल) देखि जनक शिक्षा सामग्री केन्द्रले 'प्रौढ शिक्षा' कार्यक्रमका साथै सामान्य 'शैक्षिक' कार्यक्रम पनि सञ्चालन गर्न थालेको थियो (राजभण्डारी सन् १९७२) । २०२८ सालमा 'प्रौढ शिक्षा' कार्यक्रम बन्द भए पनि 'शैक्षिक' कार्यक्रम जारी नै राखिएको पाइन्छ । सञ्चार योजना (२०२८) लागू भएलगत्तै साउन २ गतेदेखि 'शिक्षकहरूका लागि' नामक नयाँ कार्यक्रम शुरु गरियो (राजभण्डारी सन् १९७२, झङ्कार २०२८) । यो कार्यक्रमको मुख्य उद्देश्य सोही वर्षदेखि शुरु गरिएको नयाँ शिक्षा योजनाबारे शिक्षकहरूलाई शिक्षित तुल्याउनु थियो । जनक शिक्षा सामग्री केन्द्रबाटै सञ्चालित यस कार्यक्रमले मुलुकका विभिन्न स्थानमा रहेका शिक्षकहरूमा नयाँ शिक्षा योजनाबारे रहेका अन्यौल र जिज्ञासाहरू समाधान गर्ने विश्वास लिइएको थियो ।

'शिक्षकहरूका लागि' कार्यक्रमपछि जनक शिक्षा सामग्री केन्द्रले विद्यालयको स्वीकृत पाठ्यक्रम अनुसार तयार पारेको 'स्कूल प्रसारण' कार्यक्रम २०३० बैशाख १० देखि शुरु गऱ्यो (नेपाली २०३५) । अघिल्लो कार्यक्रमकै परिमार्जित रूप थियो यो कार्यक्रम जुन विद्यालय समयमै तोकिएको विषय तथा कक्षाका विद्यार्थी र शिक्षकहरूसँगै बसेर सुन्ने हिसाबले तयार पारिएको थियो । यसबाट विद्यार्थी तथा शिक्षक दुवै वर्गलाई आ-आफ्नो किसिमबाट दक्षता अभिवृद्धि गर्न सघाउ पुग्ने विश्वास गरिएको थियो । युनिसेफ र ब्रिटिश काउन्सिलको प्राविधिक र आर्थिक सहयोगमा यो कार्यक्रम शुरु भएको थियो ।

विद्यालय शिक्षालाई प्रवर्द्धन गर्ने अर्को महत्वपूर्ण रेडियो कार्यक्रम हो: 'रेडियो शिक्षक तालिम' कार्यक्रम । नेपाल सरकार र यूएसएआइडी (USAID) को संयुक्त लगानीमा २०३५ सालमा रेडियो शिक्षा शिक्षक तालिम आयोजनाको स्थापना भएको थियो । उक्त आयोजनाको स्थापनापश्चात् २०३७ भदौ ४ देखि 'रेडियो शिक्षक तालिम' कार्यक्रम शुरु भयो (बुटरवर्थ र अरू सन् १९८३) । खासगरी देशका विभिन्न भागमा अध्यापन गरिरहेका र तालिम नलिएका प्राथमिक विद्यालयका शिक्षकहरूलाई रेडियोको माध्यमबाट दक्षता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको थियो । प्रत्येक वर्ष सञ्चालन हुँदै आएको यो कार्यक्रम २०५० साउन १ गते दुर शिक्षा केन्द्रको स्थापना भएदेखि यसैले सञ्चालन गर्दै आएको छ (अधिकारी, मिति उल्लेख नभएको) । विशेष गरी दुर्गम क्षेत्रमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्न यो कार्यक्रम प्रभावकारी भएको बताइन्छ ।[१३]

---

१३ रेडियो शिक्षक तालिम कार्यक्रमबारे धेरै अध्ययन/अनुसन्धान भएका पाइन्छन् । यसबारे थप जानकारीको लागि हेर्नुहोस् ओकुदिश (सन् १९८३), ओकुदिशु र क्लासेक (सन् १९८६) तथा होल्म्स, कर्माचार्य र मायो (सन् १९९३) ।

२०२८ सालपछि शिक्षामूलक कार्यक्रमहरूको विकास र विस्तार भएपनि कतिपय कार्यक्रममाथि शासकीय नियन्त्रण र हस्तक्षेप त्यत्तिकै मात्रामा हुने गर्दथ्यो । रेडियो कार्यक्रमहरू व्यवस्था जोगाउने तथा सत्ता टिकाउने स्वार्थका लागि प्रयोग भएका थिए । 'साहित्य संसार' कार्यक्रमकै उदाहरण लिँदा यसमा श्रोताका लेख रचनाहरू प्रसारणमा सत्ताको भजन गाइएका सामग्रीहरूले प्रमुख स्थान पाउँथे । प्रेम र प्रकृति वर्णनका रचना र यस्तै रचनामा रमाउने साहित्यकारहरू नै 'साहित्य संसार' कार्यक्रमको विषय बन्थे भने प्रतिभावान साहित्यकारहरू पूर्वाग्रहपीडित थिए (उप्रेती २०५७) । भूपि शेरचन, बीपी कोइराला, युद्धप्रसाद मिश्र आदि साहित्यकारहरूको नाम लिन समेत बन्देज गरिएको थियो (खतिवडा २०५६) ।

रेडियो नेपालले २०५० चैत २० देखि क्षेत्रीय प्रसारण शुरु गरेको थियो । शुरुदेखि नै क्षेत्रीय प्रसारणमा सम्बन्धित क्षेत्रका कार्यक्रमहरू तथा स्थानीय भाषाका समाचार प्रसारण गर्ने गरिन्थ्यो । क्षेत्रीय प्रसारण शुरुमा दैनिक ५५ मिनेटको भएकोमा २०५३ असार १ देखि दैनिक १ घण्टा ५५ मिनेट प्रसारण हुने गरेको छ । २०६० सालमा क्षेत्रीय प्रसारण केन्द्रबाट विहान ९:३० देखि ११:०० बजेसम्म र बेलुका ६:०५ देखि ६:३० सम्म आ-आफ्नै क्षेत्रका कार्यक्रमहरू तथा अन्य समयमा केन्द्रीय प्रसारणकै कार्यक्रमहरू रिले गरेर प्रसारण हुने गर्दछन् । रेडियो नेपालका पाँचवटै क्षेत्रीय प्रसारण केन्द्रहरूबाट स्थानीय रूपमै कृषि, खानेपानी, जनस्वास्थ्य, संस्कृति, रहनसहन आदि विषयमा विभिन्न भाषामा सूचना, शिक्षा र मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन हुने गरेको छ (थापा २०५८क, पण्डित-क्षेत्री २०५६, शाक्य २०५६, घिमिरे २०५६) ।

पछिल्लो अवधिमा शिक्षा तथा विकासमूलक कार्यक्रम उत्पादनमा गैरसरकारी संस्थाहरूको ठूलो भूमिका रहेको छ । गैरसरकारी संस्थाले आफ्ना गतिविधि प्रसारण गर्न तथा आ-आफ्नो संस्थाको उद्देश्यअनुरुप विविध विषयमा जनचेतना बढाउन रेडियो कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । यसले रेडियो कार्यक्रममा थप विविधता थपिएको छ । रेडियो नेपाल स्वयंले दलित, अपाङ्ग, कमैया आदि समाजका उपेक्षित वर्गहरूलाई लक्षित गरिएका कार्यक्रम सञ्चालन नगरेको/गर्न नसकेको अवस्थामा ती समुदायको हितमा काम गर्न खुलेका गैरसरकारी संस्थाहरूले रेडियो कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । अहिले (२०६०) सालमा रेडियो नेपालमा दलित सेवा संघको 'दलित जनजागरण', दलित गैरसरकारी संस्था महासंघको 'चिन्तन चौतारी', उपेक्षित उत्पीडित दलितको 'जन चेतना', नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको 'अपाङ्ग आवाज' आदि कार्यक्रम सञ्चालन भैरहेका छन् । यसबाहेक जनहित संरक्षण मञ्च (प्रो-पब्लिक) द्वारा सञ्चालित 'असल शासन' तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा सञ्चालित 'मानव अधिकार शिक्षा', रेडियो नेपाल र यूनिसेफद्वारा संयुक्त रूपमा सञ्चालित 'साथीसँग मनका कुरा' गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम हुन् र यी लोकप्रिय पनि छन् ।

यीमध्ये 'असल शासन' ले भ्रष्टाचारविरुद्ध जनमत सिर्जना गर्न प्रयास गरेको देखिन्छ । 'मानव अधिकार शिक्षा' कार्यक्रमले ग्रामीण तथा शहरी भेगका जनतालाई मानव अधिकारबारे सचेत बनाउने प्रयास गरेको छ । 'साथीसँग मनका कुरा'ले किशोर-किशोरीका यौनलगायत विविध जिज्ञासा तथा समस्याहरूलाई उजागर गरिदिने र तिनको समाधानका उपायहरू समेट्ने गर्दछ । 'दलित जनजागरण', 'अपाङ्ग आवाज', 'असल शासन', 'मानवअधिकार शिक्षा', 'साथीसँग मनका कुरा' आदि कार्यक्रमका रेडियो श्रोता क्लबहरू पनि खुलेका छन् (पौडेल २०५९, अपाङ्ग आवाज २०५९, हाका-हाकी २०५७, असल शासन २०५९) । यस्ता क्लबका सदस्यहरूले कार्यक्रम सुनेर ती कार्यक्रमको सन्देशलाई समाजमा फैलाउने तथा कार्यक्रमलाई 'फिडब्याक' दिन्छन् । रेडियो नेपालबाट २०५४ असार १ देखि सञ्चालित 'खोज खबर' रेडियो पत्रिका पनि श्रोतामाझ निकै लोकप्रिय भएको थियो । ग्रामीण समुदायलाई लक्षित गरी प्रसारण गरिएको यो कार्यक्रमले नागरिकहरूको आवाजलाई राम्रैसँग समेटेका कारण चर्चित भए पनि ७ महिनामै बन्द हुन पुग्यो (हुमागाईं २०६०) । यो कार्यक्रम बन्द भएको एक वर्षपछि अधिकांश यसैका सञ्चालकहरू सम्मिलित कम्यूनिकेशन कर्नरद्वारा 'खोज खबर'कै प्रकृतिको 'हाकाहाकी' कार्यक्रम शुरु भएको थियो (गुरागाईं २०५८) । तर 'हाकाहाकी' पनि आर्थिक अभावका कारण सञ्चालन हुन नसकेर २०५९ साउनदेखि बन्द छ ।

२००८ सालतिर प्रसारित 'बाल', 'नारी', 'छात्र', 'किसान' लगायत अधिकांश शिक्षामूलक कार्यक्रमहरू साप्ताहिक भए पनि बजेको दिनमा उही कार्यक्रम बिहान र बेलुका दुबै सभामा आउँथ्यो । प्रत्येक पटक आधाघण्टा प्रसारण हुने हुँदा एउटै कार्यक्रमले दैनिक साढे चार घण्टाको प्रसारणमा ठूलै हिस्सा ओगट्थ्यो । यसकारण शुरुआतमा कार्यक्रमको संख्या निकै कम भए पनि समयको हिसाबले शिक्षामूलक कार्यक्रमको प्रतिशत २०६० सालमा भन्दा बढी देखिन गएको हो । २०२८ सालपछि रेडियो नेपालको प्रसारण समयसँगै शिक्षामूलक कार्यक्रमको संख्यामा पनि वृद्धि गरिएको थियो । त्यसैले त्यसपछि यस्ता कार्यक्रमको अनुपात बढ्न पुग्यो । २०४६ साल पछाडि कार्यक्रमको संख्या बढे पनि समय वृद्धिको अनुपातमा त्यो कम नै रह्यो । अर्कोतिर रेडियो नेपालले २०४१ सालपछाडि प्रसारण शुल्क लिने परिपाटी बसाएपछि आफूले सञ्चालन गरेका कार्यक्रमको समय कटौती गरी बाहिरी संस्थाहरूलाई कार्यक्रम सञ्चालन र प्रायोजन गर्न दियो । त्यसमा पनि मनोरञ्जनात्मक कार्यक्रमले नै प्रधानता पायो । फलस्वरुप शिक्षामूलक कार्यक्रमको अनुपात घट्दै गएको छ ।

### *मनोरञ्जनात्मक कार्यक्रम*

मनोरञ्जनात्मक कार्यक्रमअन्तर्गत रेडियो नेपालले शुरुदेखि नै साङ्गीतिक कार्यक्रमका अतिरिक्त रुपक, नाटक, गीति कथाहरू प्रसारण गर्ने गर्दथ्यो । भजन, ठूमरी, अर्केष्ट्रा,

वाद्यवादन, अनुरोध गीत/सङ्गीत, हिन्दी/नेपाली गीत तथा गजलका ग्रामोफोन रेकर्डहरू, आधुनिक गीत/सङ्गीत, शास्त्रीय गीत/सङ्गीत, आदि मनोरञ्जनात्मक कार्यक्रममा प्रसारण हुन्थे । ग्रामोफोन रेकर्डहरूमा हिन्दी गीत र गजलबाहेक नेपालका त्यसबेलाका गायक गायिका तथा सङ्गीतकारहरू मित्रसेन थापामगर, मेलवादेवी गुरुङ, रत्नदास प्रकाश, उस्ताद सेतुराम श्रेष्ठ, उस्ताद साईंला श्रेष्ठ आदिका गीत सङ्गीत थिए । त्यस्ता गीत सङ्गीतको रेकर्डिङ भारतमा गरिएका हुन्थे । साङ्गीतिक कार्यक्रमहरू प्रसारण गर्नु त्यसबेला अहिलेजस्तो सजिलो थिएन । ग्रामोफोन रेकर्डको संख्या थोरै हुनाले गायक कलाकारहरू स्वयं स्टुडियो मै उपस्थित भएर आफ्नो कला 'लाइभ' प्रस्तुत गर्नु पर्दथ्यो । यो क्रम २०१२ सालमा रेडियो नेपालमा गीत रेकर्डिङ गर्ने व्यवस्था भएपछि अन्त भयो (मुकारुङ २०५६, शाह २०५४) ।[१४] २०१८ सालमा रत्न रेकर्डिङ संस्थान (तत्कालीन रत्न रेकर्डिङ ट्रष्ट) को स्थापना भएपछि नेपाली गीत सङ्गीतको सङ्कलन, रेकर्ड र वितरण कार्यमा केही सहयोग पुग्न गयो (नवीन २०४०) । रेडियो नाटक, रुपकहरू भने २०२५ सालसम्म प्रत्यक्ष प्रसारण गर्नुपर्ने अवस्था थियो । २०२५ सालमा रेडियो नेपालमा अत्याधुनिक उपकरणयुक्त रेकर्डिङ स्टुडियो बनेपछि मात्र नाटक रेकर्ड गरेर प्रसारण गर्ने गरिएको थियो । अझ अन्य कार्यक्रमहरू त २०२८ सालको सञ्चार योजना लागू भएपछि मात्र रेकर्डिङ गरेर प्रसारण गर्न थालिएको हो (श्रेष्ठ २०५३/५४) ।

तत्कालीन राजा महेन्द्रको गीत सङ्गीतप्रतिको रुचिले नेपाली गीत सङ्गीतको विकासमा ठूलै भूमिका खेलेको छ भन्न सकिन्छ । राजा महेन्द्र गायक कलाकारहरूबाट प्रत्यक्ष रूपमा गीत सङ्गीत सुन्न रेडियो नेपालको स्टुडियोमा पुग्ने गरेको कुरा विभिन्न व्यक्तिहरूले आफ्नो लेख तथा अन्तर्वार्तामा उल्लेख गरेका छन् (उही गोविन्दबहादुर २०५०, श्रेष्ठ २०५६ख) । रत्न रेकर्डिङ ट्रष्टको स्थापना पनि त्यही रुचिकै परिणाम थियो । खासगरी २०१७/१८ सालपछाडि नै नेपाली गीत सङ्गीतले गति लिन थालेको देखिन्छ । यसपछि नै रेडियो नेपालका कलाकारहरू धर्मराज थापा, उस्ताद भैरवबहादुर थापा, हरिबहादुर रञ्जितकार, आदिलाई देशको विभिन्न ठाउँमा लोकगीत/धुनहरू सङ्कलनको लागि पठाउन थालियो (सिजापति २०४०) । लोकगीत सङ्कलनको क्रममा गरिएको विभिन्न स्थानको भ्रमण तथा सङ्कलित लोक गीत/सङ्गीतबारे धर्मराज थापाद्वारा लिखित हाम्रो लोकगीत पुस्तक रेडियो नेपालले २०२० सालमा प्रकाशन गरेको थियो ।

---

१४ बुलु मुकारुङ तथा भोग्यप्रसाद शाहले २०१२ सालदेखि रेडियो नेपालमा गीत रेकर्डिङको व्यवस्था भयो भने पनि के कस्तो रेकर्डिङ उपकरण थियो वा कसरी रेकर्डिङ हुन्थ्यो आदिबारे स्पष्ट गरेका छैनन् । अर्कोतर्फ, प्रकाश सायमी तथा हिरण्य भोजपुरेले रत्न रेकर्डिङ ट्रष्ट स्थापना हुनुअगाडि नेपालमा गीत रेकर्डिङ गर्ने व्यवस्था थिएन भनेका छन् । यसले गर्दा २०१७ सालसम्म गायक/सङ्गीतकारहरू स्वयं स्टुडियोमा नै उपस्थित भई प्रत्यक्ष गाउनु पर्दथ्यो (सायमी २०५८, भोजपुरे २०५८) ।

त्यसैगरी २०२२ सालमा गण्डकी र लुम्बिनी अञ्चलका करिब ४६ जना गन्धर्वहरूलाई काठमाडौं ल्याई उनीहरूका गीत तथा धुन सङ्कलन गरी रेडियोबाट प्रसार गर्ने जस्ता कार्यको थालनी गरियो । प्रवासी नेपालीहरूमा पनि नेपाली सङ्गीतको रुचि बढाई उनीहरूलाई प्रोत्साहित गर्न दार्जिलिङ तथा खर्साङमा रेकर्डिङ युनिट पठाएर करिब ८०/९० जनाको गीत सङ्कलन गरी ल्याइएको थियो (सिंह २०२३) । यसरी गीत सङ्गीतको प्रवर्द्धनका लागि २० को दशक निकै महत्वपूर्ण रह्यो । गीत सङ्गीतको संख्या बढेपछि साङ्गीतिक कार्यक्रम पनि त्यही अनुपातमा बढाइयो जसले गर्दा २०२८ सम्म आइपुग्दा मनोरञ्जनात्मक कार्यक्रमले ६१ प्रतिशतसम्म समय ओगट्न पुग्यो ।

२०२८ सालपछि शिक्षामूलक कार्यक्रमलाई बढी प्राथमिकता दिइएका कारण पहिलेको तुलनामा मनोरञ्जनात्मक कार्यक्रमको अनुपात घट्न गयो । २०३० सालपछाडि मनोरञ्जनात्मक कार्यक्रमका रूपमा 'फूलबारी' 'झरना र झङ्कार', 'रसरङ्ग', 'फोन इन' जस्ता कार्यक्रम शुरु भएका थिए । 'फूलबारी' कार्यक्रममा देशका विभिन्न भागमा छरिएर रहेका भाषाभाषीका लोकगीतहरू प्रसारण गर्ने गरिएका कारण यसले छुट्टै महत्व बोकेको थियो । 'रसरङ्ग' नेपालका चर्चित हास्यकलाकारहरू मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, सन्तोष पन्त आदिद्वारा शुरुमा रङ्गमञ्चमा प्रस्तुत गरेर त्यसैको रेकर्ड रेडियोमा बजाउने गरिन्थ्यो । यो पनि त्यस बखतको लोकप्रिय कार्यक्रम थियो । यो कार्यक्रम लामो समय रहन सकेन । तर श्रोताहरूको मनमा यसले गहिरो छाप छोडेको कुरा राष्ट्रिय श्रोता सर्वेक्षणले देखाउँछ । 'पहिले प्रसारित कुन कुन कार्यक्रम पुनः शुरु गर्नुपर्ला?' भन्ने प्रश्नमा श्रोताहरूले 'रसरङ्ग', 'झरना र झङ्कार', 'चौतारी' कार्यक्रमको नाम लिएका थिए (मङ र घिमिरे सन् १९९७) । श्रोताहरूबाट सुझाव पाएको करिब ६ वर्षपछि अर्थात् २०६० को शुरुदेखि 'रसरङ्ग' कार्यक्रम पुनः प्रसारण गर्न थालिएको छ । कार्यक्रमको नाम उही भएपनि यसका कलाकारहरू भने फरक छन् । हास्यव्यङ्ग्य क्षेत्रमा अहिलेका चर्चित कलाकारहरू दीपकराज गिरी, जितु नेपाल, दमन रुपाखेती, चट्याङ मास्टर आदिको प्रस्तुतिलाई यसमा समेट्ने गरेको पाइन्छ ।

पछिल्लो अवधिमा रेडियो नेपालमा मनोरञ्जनात्मक कार्यक्रमको प्रसारण निकै विस्तार भएको देखिन्छ । खासगरी मनोरञ्जनात्मक कार्यक्रम प्रसारण हुने विज्ञापन सेवाको समयलाई २०४१ सालमा आर्थिक उपार्जनका हिसाबले भारी मात्रामा विस्तार गरिएको थियो । त्यसबेलादेखि नै यसखाले कार्यक्रम विस्तारको पूर्वाधार तयार भएको थियो । २०४१ साल असारमा ४९ प्रतिशत समय ओगटेको मनोरञ्जनात्मक कार्यक्रमले २०६० मा कुल प्रसारण अवधिको ५८ प्रतिशत हिस्सा ओगटेको छ । २०४१ सालदेखि रेडियो नेपाललाई सरकारले 'कमाऊ र खाऊ' भनेर छुट्टचाइदिएपछि रेडियो कमाउने कार्य पनि गर्न थाल्यो । निजी क्षेत्रका उद्योगी/व्यवसायीहरूद्वारा कार्यक्रमहरू प्रायोजन गर्न सकिने प्रावधान शुरु भयो । र, रेडियो नेपालले आफूलाई आर्थिक रूपमा समृद्ध तुल्याउन मनोरञ्जनात्मक कार्यक्रमको प्रसारणमा नै विशेष जोड दिन थाल्यो । राष्ट्रिय

सञ्चार नीति २०४९ ले एक कदम अगाडि बढेर निजी क्षेत्रलाई शिक्षा तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्न खुला गरिदिएपछि त प्रायोजनमा सीमित रहेका निजी क्षेत्रले कार्यक्रम सञ्चालनमा समेत हात हाल्न थाले । तर उनीहरूको चासो पनि मनोरञ्जनात्मक कार्यक्रमको उत्पादनमा नै देखिन्छ । निजी क्षेत्रका विज्ञापन एजेन्सीहरू जस्तैः वेलकम, क्लासिक एड, इको एड, थम्सन नेपाल, आदिले कार्यक्रम उत्पादन गरी आफैंले प्रायोजक खोजेर कार्यक्रम सञ्चालन गर्ने गरेका छन् ।

२००७ सालमा रेडियो नेपाल स्थापना भएयता नेपाली साङ्गीतिक क्षेत्रले निकै ठूलो फड्को मारिसकेको छ । प्रारम्भमा रेडियो नेपालसँग २/४ वटा उपहारस्वरुप प्राप्त भएका ग्रामोफोन रेकर्ड र प्रत्यक्ष रूपमा गीत सङ्गीत प्रस्तुत गर्ने केही कलाकारहरू थिए (मुकारुङ २०५६) । २०६० साल माघसम्म आइपुग्दा रेडियो नेपालको टेप लाइब्रेरीमा सबै गरेर ६० हजारभन्दा बढी गीत तथा सङ्गीतहरू सङ्गृहित रहेको कुरा सो लाइब्रेरीमा कार्यरत कर्मचारी बबिता खनाल बताउनुहुन्छ । ठूलो संख्यामा गीत सङ्गीतहरू भएर पनि धेरै गीतहरू त्यतिकै थन्किएका छन् । श्रोताहरूले सुन्न पाउँदैनन । रेडियो नेपालका कर्मचारीले पूर्वाग्रही भएर कतिपय गायक कलाकारहरूको गीतहरू नबजाइदिने, गीतका कार्टेजहरू जानाजान नष्ट गरिदिने, लापर्वाही गरेर हराइदिने तथा भनसुनका भरमा गीतहरू बजाउने जस्ता आरोपहरू प्रशस्तै मात्रामा पत्रपत्रिकामा पढ्न पाइन्छ (मरहट्टा २०५६, जोशी २०५५, सायमी २०५६) । यो केवल आरोप मात्र होइन । अम्बर गुरुङ्ग, रुबी जोशी, प्रकाश सायमी, योगेश वैद्य, प्रेमध्वज प्रधान लगायत थुप्रैले त्यस्तो पीडा अनुभूत गरेका छन् ।

यसका अलावा जनपक्षीय गीत सङ्गीत प्रसारण नगरी अश्लील, छाडा तथा विसङ्गति भित्र्याउने खालका गीतहरू प्रसारण गर्ने गरेको आरोप पनि रेडियो नेपाललाई लागेको छ (लुइँटेल २०५२ र २०५४, वस्ती २०५४) । तर त्यस्ता आरोप, गुनासाहरूलाई रेडियो नेपालले मनन गरेको जस्तो देखिँदैन किनकि रेडियो नेपालबाट सधैंभरि उस्तै र सीमित गीतहरू मात्र पटक पटक प्रसारण भएको पाइन्छ । साथै जनपक्षीय गीत सङ्गीतमा नै आफ्नो जीवन समर्पण गर्ने रामेश, रायन, जीवन शर्मा, जेबी टुहुरे, आदिका गीत सङ्गीतले रेडियो नेपालमा स्थान पाउन सकेका छैनन् । यस्ता गीतहरूको प्रसारणमा पनि प्रत्यक्ष रूपमा शासकीय नियन्त्रण रहने गरेको छ । वामपन्थी विचारधाराको व्यक्ति वा दलले सञ्चार मन्त्रालय सम्हालेका बखत ती गीतहरू प्रसारण हुने तथा उनीहरू सत्ताबाट बाहिरिने बित्तिकै त्यस्ता गीत नबज्ने गरेको पाइन्छ । २०५१ सालमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को अल्पमतको सरकार तथा २०५३ सालमा गठित एमाले-राप्रपा-सद्भावनाको संयुक्त सरकारका पालामा क्रमशः 'जागरण गीत' तथा 'मेची-काली' कार्यक्रमको नाममा प्रगतिशील गीत सङ्गीत बज्ने गर्दथे ।

मनोरञ्जनात्मक कार्यक्रमको अर्को पाटो रेडियो नाटक तथा गीतिकथा र हास्यव्यङ्ग्यात्मक प्रहसनहरू हुन् । 'गीति कहानी'को नामबाट २००८ सालदेखि नै गीति

कथाले रेडियो नेपालमा स्थान पाएको थियो । यो कार्यक्रम बन्द हुने र पुनः प्रसारण शुरु हुने प्रक्रिया चालु छ । पछिल्लो पटक (२०६० मा पनि निरन्तर) नवराज लम्सालको सञ्चालनमा 'सुर संगम' नामबाट प्रसारित छ । 'रसरङ्ग', 'दिन प्रतिदिन' जस्ता प्रहसनहरू पनि रेडियो नेपालबाट प्रसारण भएर लोकप्रियता हासिल गरिरहेकै पाइन्छ । मनोरञ्जनात्मक कार्यक्रममध्ये रेडियो नाटकको पनि महत्वपूर्ण स्थान छ । साहित्यका महत्वपूर्ण विधाहरु कथा, उपन्यास वा नाटकलाई कलाकारको स्वर, अभिनय र सङ्गीतलगायत ध्वनिको संयोजनद्वारा रेडियोबाट प्रस्तुत गर्नु नै रेडियो नाटक हो । यी सबै कुराको उचित संयोजन भएमा रेडियो नाटकबाट श्रोताले वास्तविकताको अनुभूत गर्न सक्छन् । जसले गर्दा यसको महत्व तथा प्रभावकारिता रेडियो कार्यक्रमको रूपमा विशिष्ट छ । शिक्षा वा चेतनामूलक सामग्रीलाई नाटकीय हिसाबले प्रस्तुत गर्दा बढी प्रभावकारी हुने देखिएको छ । त्यसैले रेडियो नेपालबाट प्रसारण हुने गरेका कतिपय शिक्षामूलक कार्यक्रमहरूमा पनि नाटक वा रुपकहरू समावेश गरिएको हुन्छ । रेडियो नेपालबाट प्रसारण हुने 'कृषि' कार्यक्रममा 'जेटीए र बुढी आमा' तथा 'मानव अधिकार शिक्षा' कार्यक्रममा 'मावली काका र मावन अधिकार नानी' जस्ता नाटिकाका कारण यी कार्यक्रमको लोकप्रियता बढेको पाइन्छ । यसबाहेक रेडियो नेपालले हरेक शनिबार दिउँसो साढे एक बजेदेखि दुई बजेसम्म रेडियो नाटक प्रसारण गर्दै आएको छ जुन श्रोताहरूमाझ लोकप्रिय पनि छ । सन् १९९७ मा रेडियो नेपालद्वारा गरिएको सर्वेक्षणमा रेडियो नेपालका कुल श्रोतामध्ये ३५ प्रतिशतले रेडियो नाटकलाई लोकप्रियताको पहिलो सूचीमा पारेका छन् (मङ र घिमिरे १९९७) ।

२००८ सालबाट रेडियो नेपालमा नाटक प्रसारण हुन थालेको देखिन्छ ।[१५] तर यो नियमित थिएन। २०१४ सालपछि भने रेडियो नाटकको स्तर र प्रभावकारितामा क्रमशः प्रगति भएको, तथा २०२५ सालदेखि मात्र रेडियो नाटक नियमित प्रसारण हुँदै आएको श्रेष्ठको कथन छ (श्रेष्ठ २०५३/५४) । तर रेडियो नेपालका कार्यक्रमको इतिहास पल्टाउँदा २०२९ सालदेखि मात्र 'रेडियो नाटक'कै नामबाट यो छुट्टै कार्यक्रमको रूपमा निश्चित बार र समयमा प्रसारण हुन थालेको देखिन्छ । २०२९ सालदेखि हरेक शनिबार दिउँसो आधा घण्टा प्रसारण हुँदै आएको रेडियो नाटकले २०६० सालसम्म आइपुग्दा पनि निरन्तरता पाएको छ ।

प्रारम्भिक दिनहरूमा रेडियो नाटक प्रसारण गर्नु चुनौतीपूर्ण कार्य थियो । एकातिर लेखक, कलाकारहरूको अभाव थियो भने अर्कोतिर रेकर्डिङको व्यवस्था नहुनुले विभिन्न

---

१५ रेडियो नेपालबाट पहिले प्रसारित नाटक कुन हो भन्नेबारे विवाद देखिन्छ । २००८ बैशाख २३ गते प्रसारित 'आमाको आशा' नाटकलाई केहीले पहिलो नाटक भनेका छन् (उप्रेती २०५७, च्यून २०५३) भने सोही साल (महिना र गते तोकिएको छैन) प्रसारित 'धमिरा' नाटक नै पहिलो रेडियो नाटक हो भन्ने तर्क पनि केहीले गरेका छन् (बस्नेत २०५३, कोइराला २०५५) । पहिलो नाटक जुन भए पनि २००८ सालबाट नै रेडियो नाटकको शुरुआत भएकोमा मतैक्य पाइन्छ ।

प्राविधिक कठिनाइ भोग्नु पर्दथ्यो । अझ महिला कलाकार भेट्टाउन ज्यादै मुश्किल थियो । नाटकमा कुनै पात्रकी प्रेमिका वा श्रीमतीको भूमिकामा देखिनु मात्र पनि सामाजिक कलङ्कको रूपमा लिइन्थ्यो । यति हुँदाहुँदै पनि त्यतिबेला शान्ता श्रेष्ठ, कोइली देवी, रश्मी राज्यलक्ष्मी, किशोरी देवी आदिले महिला कलाकारको आवश्यकतालाई केही मात्रामा भए पनि पूरा गरेका थिए । रेडियो नाटकको संस्थापकको रूपमा तारिणीप्रसाद कोइराला, बालकृष्ण सम, मदनदास श्रेष्ठ, हरिप्रसाद रिमाल, जनार्दन सम, कोइलीदेवी आदिलाई लिने गरिन्छ । रेडियो नाटकको शुरुका दिनमा यिनै व्यक्तिहरूले लेखन तथा अभिनय क्षेत्रमा मुख्य योगदान दिएका थिए । पछि रेडियो नाटकप्रति धेरैको आकर्षण बढ्दै गयो । फलस्वरुप मदनदास श्रेष्ठ, कृष्ण मल्ल, भीम बहादुर थापा, यादव खरेल, जितेन्द्र महत 'अभिलाषी', कुवेर गर्तौला, शुशीला रायमाझी, हरिवंश आचार्य, भुवन के.सी., शिव श्रेष्ठ आदि थुप्रै व्यक्तिहरू यसमा सामेल हुन आइपुगे । तीमध्ये केही रेडियो नाटकमा निरन्तर लागिरहेका छन् भने धेरैले छाडेर अन्य विधा/माध्यममा आफूलाई सक्रिय राखेका छन् । धेरैले छाडेकाले रेडियो नाटकले अनुभवी लेखक, कलाकारको सधैँ अभाव बेहोरेको छ (कोइराला २०५५) । तर यसो हुनुमा रेडियो नेपालद्वारा उचित पारिश्रमिक र प्रोत्साहन प्रदान गर्न नसक्नु तथा बेला बेलामा भइरहने शासकीय हस्तक्षेप, आदि कारण पनि जिम्मेवार छन् ।

२०५६ सालमा रेडियो नेपालको स्वर्ण जयन्तीको अवसरमा देखाएको 'कन्तविजोग' प्रहसनका कारण रेडियो नेपालका तत्कालीन कार्यकारी निर्देशक मुकुन्दप्रसाद आचार्यलाई कार्वाहीस्वरुप रेडियो नेपालबाट हटाई सञ्चार मन्त्रालयमा सरुवा गरिएको थियो । उक्त प्रहसनले संसदको गरिमामाथि आँच आएको ठहर सञ्चार मन्त्रालयको थियो (जन आह्वान २०५६, दाहाल २०५६, न्यौपाने २०५७) जुन शासकीय हस्तक्षेपको ज्यूँदो उदाहरण हो । यिनै कारणहरूले गर्दा रेडियो नाटकप्रति 'क्रेज' घट्दै गएको हो भन्ने तर्क पनि गरिन्छ । यद्यपि यस तर्कप्रति रेडियो नाटकका निर्देशक मदनदास श्रेष्ठ असहमति जनाउनुहुन्छ (गोरखापत्र २०५९, कामना २०६०) ।

प्रसारण समयका हिसाबले रेडियो नेपालमा मनोरञ्जनात्मक कार्यक्रम सधैँ एक नम्बरमा पर्दै आएको छ । तालिका १ ले २०४१ सालमा बाहेक कुल समयको आधाभन्दा बढी हिस्सा मनोरञ्जनात्मक कार्यक्रमले नै ओगट्दै आएको देखिन्छ । यसो हुनुमा यस्ता कार्यक्रम सञ्चालन गर्न ठूलो आर्थिक लगानी र परिश्रम गर्नु नपर्ने एउटा कारण हो भने गीत सङ्गीतप्रतिको श्रोताको रुचि अर्को कारण हो । मनोरञ्जनात्मकअन्तर्गत अधिकांश गीत सङ्गीत नै पर्ने हुनाले तयारी गीत, सङ्गीतलाई बजाइदिए पुग्छ दुःख बेसाइरहन पर्दैन । सूचना तथा शिक्षामूलक कार्यक्रममा जस्तो के कार्यक्रम राख्ने ? कुन कुन विषय समेट्ने ? कार्यक्रम कसरी उत्पादन गर्ने जस्ता विषयमा सोचिरहनु पर्दैन, मनोरञ्जनात्मक कार्यक्रममा । यसकारण कुनै समय खाली भयो कि त्यो स्थान गीत सङ्गीतले लिइहाल्छ । अर्कोतिर गीत सङ्गीत सुन्ने श्रोताहरू अन्य शिक्षामूलक

कार्यक्रमभन्दा बढी नै हुन्छन् (मङ र घिमिरे सन् १९९७) । सम्भवतः त्यसैले कार्यक्रम प्रायोजन गर्न चाहने निजी उद्योगी तथा व्यवसायी साङ्गीतिक कार्यक्रम नै खोज्छन् । उता रेडियो नेपालले पनि आफ्नो व्यापार बढ्ने भएपछि यसैमा जोड दिएको पाइन्छ । यसरी शिक्षामूलक कार्यक्रमहरूमा भन्दा मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्दा नै विज्ञापन बढी पाइने लोभले मनोरञ्जनात्मक कार्यक्रमले नै रेडियो नेपालमा बढी प्रधानता पाउँदै आएको छ ।

## कार्यक्रम उत्पादनमा बाहिरी पक्षको संलग्नता

रेडियो नेपालबाट प्रसारित कार्यक्रमहरू सबै रेडियो नेपाल आफैंले सञ्चालन गर्दैन । यो कुरा माथि नै स्पष्ट भइसकेको छ । २००८ सालदेखि नै कार्यक्रम उत्पादनमा बाहिरी पक्षको संलग्नता रहँदै आएको देखिन्छ । यहाँ बाहिरी पक्ष भन्नाले रेडियो नेपाल बाहेकका सरकारी, निजी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ-संस्थाहरू भन्ने बुझिन्छ । २००८ सालतिर प्रसारितमध्ये 'फौजी' कार्यक्रम रेडियो नेपाल बाहिरबाट सञ्चालित थियो त्यसपछि कार्यक्रमको संख्यासँगै बाहिरी पक्षको संलग्नता पनि बढ्दै गयो । २०१७ सालतिर प्रसारितमध्ये 'फौजी' तथा 'पुलिस'का अतिरिक्त 'ग्रामीण', 'ग्राम पञ्चायत', 'घरेलु' आदि कार्यक्रमहरू सम्बन्धित सरकारी विभागद्वारा सञ्चालन हुने गरेको थियो (सिंह २०१७) । २०२८ सालपछि त बाहिरी पक्षको संलग्नता झनै बढ्न पुग्यो । २०४१ सालसम्म आइपुग्दा 'खेलकुद', 'जनस्वास्थ्य', 'साझा', 'पर्यटन', 'हाम्रो बन', 'प्रशासन', 'देशको माटो', 'मातृशिशु कल्याण', 'परिवार नियोजन', 'बैंकिङ', 'स्कूल प्रसारण', 'शैक्षिक' तथा 'कृषि' जस्ता कार्यक्रमहरू बाहिरी पक्षद्वारा सञ्चालित थिए । त्यतिबेला रेडियो नेपाल आफैंले भने 'स्वास्थ्य र सफाइ', 'विज्ञान र प्रविधि', 'हाम्रो संस्कृति', 'सौजन्य', 'हाजिरी जवाफ', 'युवक', 'इन्द्रेणी', 'पत्रोत्तर', 'विदेशमा बस्ने नेपालीहरूका लागि', 'महिला', 'बाल', 'धार्मिक', 'ग्रामीण', 'रसरङ्ग', 'रोदीघर', 'साहित्य संसार' आदि कार्यक्रमहरू सञ्चालन गर्ने गर्दथ्यो (श्री ५ को सरकार २०४१) ।

खासगरी ५० को दशकपछाडि प्रसारित कार्यक्रमहरूलाई हेर्ने हो भने सूचनामूलक र मनोरञ्जनात्मक कार्यक्रम सञ्चालनमा रेडियो नेपाल आफैं बढी मात्रामा संलग्न रहेपनि शिक्षामूलक कार्यक्रमहरू भने केहीलाई छाडेर प्राय सबै नै बाहिरी सङ्घ-संस्थाहरूद्वारा सञ्चालित छन् । अझ 'घटना र विचार' तथा 'परिवेश' जस्ता कार्यक्रम सञ्चालन गर्न करारमा व्यक्ति नियुक्त गरिन्छ । जसमा रेडियो नेपालको आर्थिक लगानी भएपनि उसैले सञ्चालन गरेको भन्न सकिन्न । त्यसैले रेडियो नेपाललाई सबै कार्यक्रमको सञ्चालन बाहिरबाट गराएर आफू जिम्मेवारीबाट पन्छिन खोजेको तथा व्यापारीकरण बढ्दै गएको जस्ता आरोप लाग्ने गरेको छ (गुरागाईं २०५६, नाम उल्लेख नभएको २०५४ख) । हुनपनि 'धार्मिक', 'महिला', 'बाल', 'साहित्य संसार',

'स्वास्थ्य र सफाइ' जस्ता थोरै कार्यक्रमबाहेक सम्पूर्ण शिक्षामूलक कार्यक्रमहरू बाहिरी सङ्घ-संस्थाद्वारा नै सञ्चालित छन् ।

कार्यक्रमको विषयवस्तु र प्रस्तुतिलाई हेर्ने हो भने रेडियो नेपाल आफैँले सञ्चालन गरेका कार्यक्रमभन्दा बाहिरबाट सञ्चालित कार्यक्रमहरू नै बढी स्तरीय तथा प्रभावकारी छन् । अझ त्यसमा पनि गैरसरकारी सङ्घ-संस्थाहरूद्वारा सञ्चालित केही कार्यक्रमहरू जस्तै 'हाकाहाकी', 'मानव अधिकार शिक्षा', 'दलित जनजागरण', 'असल शासन', 'अपाङ्ग आवाज', 'साथीसँग मनका कुरा' आदि कार्यक्रमहरूले जनमानसमा राम्रै छाप छाडेका देखिन्छन् । औपचारिकतामा मात्र सीमित नरही जनमानसका बोली र भाखाहरूले स्थान पाएका तथा उनीहरूका समस्या र दुःख पीडाहरू समेटिएका कारण ती कार्यक्रमहरू मन पराइएका हुन् । दैनिक रूपमा श्रोताहरूबाट प्रेषित अनेक चिठ्ठीपत्र तथा देशका विभिन्न स्थानमा खुलेका रेडियो श्रोता क्लबहरूले ती कार्यक्रमको प्रभावकारिता उजागर गर्दछन् । तर रेडियो नेपाललाई बुझाउनुपर्ने चर्को प्रसारण शुल्क तथा सम्बन्धित संस्थाका अन्य बाध्यताहरूले गर्दा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम लामो समयसम्म टिकेको भने पाइन्न ।

सरकारी सङ्घ-संस्थाहरूबाट सञ्चालितमध्ये 'कृषि', 'जनस्वास्थ्य', 'परिवार नियोजन' तथा 'रेडियो शिक्षक तालिम' जस्ता कार्यक्रमहरू पनि निकै प्रभावकारी रहेको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् (न्यू एरा सन् १९७४, १९९३; रिडा सन् १९८९; मङ र घिमिरे सन् १९९७; शरण र भेलेण्ट सन् २००२; बउले, स्टोरी र सुड सन् २००२) । नेपाली जनमानसमा कृषि प्रणाली, स्वास्थ्य तथा परिवार नियोजनसम्बन्धी जनचेतना जगाउने कार्यमा यी कार्यक्रमहरूको ठूलो भूमिका छ । यीबाहेकका प्रायः कार्यक्रम औपचारिकतामा मात्रै सीमित देखिन्छन् ।

रेडियो नेपाल आफैँले सञ्चालन गरेका कार्यक्रमहरू स्तरीय तथा प्रभावकारी नदेखिएको परिप्रेक्षमा ती कार्यक्रमलाई सुधार र परिमार्जन गर्नेतर्फ पहल गर्नुको सट्टा समय कटौती गर्ने तथा बन्दै गरिदिन्छ रेडियो नेपाल । पहिले हप्तामा सातै दिन प्रसारण हुने 'साहित्य संसार', 'महिला' तथा 'बाल' कार्यक्रम आदिको समय व्यापक कटौती भएको छ । २०६० सालसम्म आइपुग्दा 'महिला' र 'साहित्य संसार' कार्यक्रम हप्तामा केवल एक दिन तथा 'बाल' कार्यक्रम हप्तामा तीन दिन प्रसारण भैरहेको छ । त्यस्तै कतिपय कार्यक्रम बन्द गरिएका छन् । यसका पछाडी एकातिर कार्यक्रम उत्पादनमा लाग्ने खर्च कटौती गर्ने र त्यो समय बेचेर आय आर्जन वृद्धी गर्ने रेडियो नेपालको उद्देश्य हुन सक्छ । आय आर्जनकै लागि प्रसारण शुल्क बुझाएर कार्यक्रम सञ्चालन गर्न चाहने संस्थालाई समय उपलब्ध गराउने तिर जोड दिइएको छ । रेडियो नेपाल कार्यक्रम महाशाखाकी उपनिर्देशक सूर्यकुमारी पन्त तथा विज्ञापन शाखाका प्रमुख भैरबबहादुर अधिकारी तोकिएको प्रसारण शुल्क तिर्ने गरी बाहिरका संस्थाहरूले समय मागेमा समाचारबाहेक रेडियो नेपाल आफैँले सञ्चालन गरेको जुनसुकै कार्यक्रम झिक्न

सकिने बताउनुहुन्छ । "सरकारले रेडियो नेपाललाई आफैं कमाएर खा भनेको छ के गर्ने ?" भैरबबहादुर अधिकारी भन्नुहुन्छ ।

रेडियो नेपालमा २०६० सालमा करिब आठ सयको हाराहारीमा कर्मचारी छन् । मौजुदा जनशक्तिको आधा संख्या कटौती गर्ने हो भने पनि त्यो पर्याप्त हुने रेडियो नेपालका नायब कार्यकारी निर्देशक राजेन्द्र शर्मा बताउनुहुन्छ । साथै आवश्यक ज्ञान, सीप तथा तालिमको प्रबन्ध हुन नसक्दा रेडियो नेपाल भित्रैबाट स्तरीय कार्यक्रमहरू उत्पादन हुन नसकेको उहाँको स्वीकारोक्ति छ ।[१६] तर यति हुँदाहुँदै पनि अनावश्यक जनशक्ति कटौती गरेर खर्च घटाउनेतिर भने पहल भएको देखिन्न ।

यद्यपि यसमा रेडियो नेपाललाई मात्र दोष दिने ठाउँ पनि छैन । त्यहाँभित्र पनि बाध्यताहरू नभएका होइनन् । रेडियो नेपाललाई सत्तामा पुग्ने जोकोहीले पनि नातागोता र कार्यकर्ता भर्ती केन्द्र बनाएका छन् । अप्रशिक्षित र अनुभवहीन जागिरेहरूको भीड बढ्दा त्यसले अनावश्यक खर्च बढाउने मात्र नभई कामभन्दा बढी राजनीतिले प्रश्रय पाएको छ ।

उता गैरसरकारी क्षेत्रका व्यक्तिहरूको पनि छुट्टै गुनासो छ । रेडियो आफैंले शिक्षामूलक कार्यक्रम सञ्चालन गरेर जनताप्रतिको कर्तव्य निभाउनु त कता हो कता त्यो काम आफूले गरिदिंदा पनि उल्टै चर्को शुल्क बुझाउनु पर्ने बाध्यताबाट उनीहरू पीडित छन् । रेडियो नेपालले प्रसारण शुल्क वापत राष्ट्रिय प्रसारणका लागि बाहिरी सङ्घ-संस्थासँग प्रति मिनेट पाँचसयदेखि छ सय रूपैयाँसम्म लिने गरेको छ ।[१७] यो दर कार्यक्रमले समेट्ने विषयअनुसार फरक-फरक हुने गर्दछ । यस हिसावले १५ मिनेट समयको एउटा कार्यक्रमका लागि कुनै सङ्घ-संस्थाले प्रसारण शुल्क वापत मात्र सात हजार पाँच सयदेखि नौ हजारसम्म बुझाउनु पर्छ । तर प्रतिमिनेटको लागत पाँच सयभन्दा बढी पर्न जाने भए पनि शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, कृषि विषयका कार्यक्रमहरू सस्तो दरमै प्रसारण गर्ने गरेको हुँदा रेडियो नेपालले नाफा मात्र हेरेको भन्न नमिल्ने विज्ञापन शाखाका प्रमुख अधिकारीको धारणा छ । आर्थिक रूपमा मजबुत सङ्घ-संस्थाहरूलाई त फरक नपर्ला, आर्थिक स्रोत केही नभएको तर रेडियोको उपयोग गरेर सामाजिक चेतना जगाउन चाहनेले कार्यक्रम उत्पादन र प्रसारण गर्दा लाग्ने खर्च जुटाउन दाताको ढोका चहार्नेभन्दा अर्को उपाय छैन । तसर्थ यस्ता कुरामाथि पनि रेडियो नेपालले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

---

१६ मार्टिन चौतारीमा २०६० जेठ १ गते भएको 'रेडियो नेपालको कार्यक्रम उत्पादन' विषयक छलफलमा व्यक्त विचार ।

१७ रेडियो नेपालले २०६० भदौदेखि लागु हुने गरि निर्धारण गरेको दरअनुसार ।

## निष्कर्ष

जे होस्, केही कमी कमजोरीका वाबजुद रेडियो नेपालले नेपाली जनमानसमा सूचना, शिक्षा र मनोरञ्जन प्रदान गर्न सशक्त भूमिका खेलेको कुरामा दुइमत छैन । टेलिभिजन र पत्रपत्रिकामाथिको पहुँच सहज नहुँदा रेडियो नेपाल नै नेपाली जनताका लागि सूचनाको तिर्खा मेटाउने निर्विकल्प माध्यम बन्यो । यसले नै कुना कन्दराका नेपालीमा प्रौढ शिक्षादेखि जनस्वास्थ्य, परिवार नियोजन, र प्रजातन्त्र पुनर्वहाली पश्चात मानव अधिकार, सुशासन तथा महिला, दलित र अपाङ्गका हकहितबारे चेतना फिजाउन मद्दत गऱ्यो । अझ नेपाली गीत/सङ्गीत र कलाक्षेत्रको विकासमा रेडियो नेपाल आधारभूमि नै बन्न पुग्यो ।

विगतमा रेडियो नेपाल नेपाली श्रव्य क्षेत्रको लगभग एक्लो यात्री थियो । उतिबेला यसले जे जस्तो प्रसारण गर्थ्यो जनताले सुनिदिन्थे । अब त्यस्तो अवस्था रहेन । एफएम रेडियो मात्र होइन स्वदेशी एवं विदेशी टेलिभिजन च्यानलहरूको विकास र विस्तार तथा तीनमाथि नेपाली जनताको बढ्दो पहुँचका कारण रेडियो नेपालको एकाधिकार समाप्त भएको छ । स्तरीय र प्रभावकारी कार्यक्रमहरू प्रसारण गरेर बढीभन्दा बढी श्रोताहरूमाझ आफ्नो अलग पहिचान कायम गर्ने होड ती श्रव्य/दृश्य माध्यमहरूमा चल्न थालिसकेको छ । तसर्थ रेडियो नेपालले पनि आफ्नो अस्तित्व कायम गर्दै अगाडि बढ्नु पर्ने चुनौती आइपरेको छ । यसका लागि रेडियो नेपालले आफ्नो कार्यक्रमहरू अझै परिमार्जित र परिस्कृत गर्दै लानु पर्दछ । हालचाल बोकेर घर घर पुग्दैमा आफ्नो दायित्व पूरा भएको ठान्नु हुँदैन, त्यो निष्पक्ष र पूर्वाग्रहरहित पनि हुनुपर्छ ।

## धन्यवाद

यो लेख तयार पार्ने क्रममा आवश्यक सूचना तथा जानकारी उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने हरि श्रेष्ठ, सूर्यकुमारी पन्त, भैरबबहादुर अधिकारी, कृष्णप्रसाद कोइराला, पाण्डव सुनुवार, बबिता खनाललाई धन्यवाद दिन चाहन्छु । लेखका मस्यौदाहरूमा सुझाव र सल्लाह प्रदान गर्नुहुने प्रत्यूष वन्त, रमेश पराजुली, भास्कर गौतम, पूर्ण बस्नेत, शेखर पराजुली, कृष्ण अधिकारी र कोमल भट्ट पनि धन्यवादका पात्र हुनुहुन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, खुबीराम. मिति उल्लेख नभएको. दूर शिक्षामार्फत सञ्चालित प्राथमिक शिक्षक तालिमप्रति सहभागी शिक्षकहरूको धारणाः एक अध्ययन. शोध पत्र, एम.ए. शिक्षा शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय.

अपाङ्ग आवाज. २०५९. अपाङ्ग आवाज रेडियो श्रोता क्लब गठनसम्बन्धी समाचार. १७ः २४.

असल शासन. २०५९. असल शासन रेडियो श्रोता क्लबहरूले के के गर्न सक्छन् ? ५(१)ः १६.

उप्रेती, टङ्क. २०५७. विद्युतीय सञ्चारमाध्यममा नेपाली साहित्य. मधुपर्क ३७७ः ५-११.

उही गोविन्दबहादुर. २०५०. कलाकार हुनु पनि बेकार रहेछ. कामना ७५ः ११६-११७.

ऐर, टेकबहादुर. २०५६. दिपालय प्रसारण केन्द्रका गतिविधि. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. १३२-१३४. काठमाडौं: रेडियो प्रसार सेवा विकास समिति.

कँडेल, कृष्ण. २०५५. प्रजातान्त्रिक सरकार: सञ्चार माध्यम र वर्तमानका विसङ्गतिहरू. तरुण, ४ साउन, पृ. ४.

कामना. २०६०. श्रीमती पाउनै गाह्रो. १७५:४०.

के.सी., कृष्ण. २०५६. रिपोर्टिङ शाखाको स्थापना र सुधार. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. १०६-१०८. काठमाडौं: रेडियो प्रसार सेवा विकास समिति.

के.सी., यदुनन्दन. २०२१. शिक्षाको द्रुत विकासमा प्रसारणको सम्भाव्य देन. युग चेतना. विश्वनाथ 'विमल', सं., पृ. १८६-१९५. काठमाडौं: श्री ५ को सरकार, पञ्चायत मन्त्रालय, प्रसार विभाग.

कोइराला, तारिणीप्रसाद. २०१६. रेडियो नेपालको जन्म. झङ्कार, १६-३० चैत, पृ. १-९.

कोइराला, सङ्केत. २०५५. रेडियो नाटक जिउँदै छ ? विमोचन १७(४): २-८.

खतिवडा, गोपालप्रसाद. २०५६. साहित्य संसारको सेरोफेरो. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. ११-१५. काठमाडौं: रेडियो प्रसार सेवा विकास समिति.

गुरागाईं, गोपाल. २०५६. रेडियो नेपाल: क्षमता छ, उपयोगिता छैन. हिमाल ९(१७): ४५-४६.

गुरागाईं, गोपाल. २०५८. कुरा हाकाहाकी. राजधानी, ८ माघ, पृ. ५.

गोरखापत्र. २०२५. राष्ट्रनिर्माण कार्यमा रेडियोको योगदान महत्वपूर्ण: रेडियो नेपाल सल्लाहकार समितिको प्रतिवेदन प्रकाशित. १८ चैत, पृ. १.

गोरखापत्र. २०५९. रेडियो नाटकको 'क्रेज' पूर्ण रूपमा घटिसकेको छैन. २७ कार्तिक, पृ. २.

घिमिरे, पूर्णचन्द्र. २०५६. क्षेत्रीय प्रसारण केन्द्र, पोखराको परिचय. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. १३७-१४१. काठमाडौं: रेडियो प्रसार सेवा विकास समिति.

चापागाईं, प्रज्ज्वल. प्रकाशोन्मुख. कार्यक्रम घटना र विचारलाई खोतल्दा.

चालिसे, नारायण. २०५४. कार्यक्रम घटना र विचार: पुरुषोत्तमदेखि नरनाथसम्म. घटना र विचार, १ जेठ, पृ. ६.

च्यून, चौ चाउ. २०५३. नेपाली साहित्यको विकासमा रेडियो नेपालको योगदान. चौ चाउ च्यूनद्वारा नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत गरिएको लघु शोध प्रबन्ध, अप्रकाशित प्रतिवेदन.

जन आह्वान. २०५६. प्रजातन्त्र रेडियोमा प्रजातान्त्रिक गतिविधि, २५ चैत, पृ. २.

जोशी, रुवी. २०५५. रेडियोमा भनसुनको भरले गीत बज्छ. कामना १२३: ४४-४५.

झङ्कार. २००८. नेपाल रेडियोको कार्यक्रम. १-१५ असोज, पृ. ४-१९.

झङ्कार. २०२८. "शिक्षकहरूका लागि" शीर्षकको नयाँ कार्यक्रम सञ्चालनका सन्दर्भमा. साउन, पृ. १५-१६.

थापा, ईश्वर. २०५८क. क्षेत्रीय प्रसारण: अवधारणा र काठमाडौं क्षेत्रीय प्रसारण केन्द्र. झङ्कार, बैशाख-चैत, पृ. ७७-७९.

थापा, ध्रुव. २०५६. नेपालमा रेडियो पत्रकारिताको विगत र वर्तमान. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. ९५-१०५. काठमाडौं: रेडियो प्रसार सेवा विकास समिति.

थापा, मोहन. २०५८ख. रेडियो नेपाल र शाही नेपाली सैनिक रेडियो कार्यक्रम. झङ्कार, बैशाख-चैत, पृ. ६५-६८.

दाहाल, मोहन. २०५६. रेडियो नेपाल, प्रहसन र पञ्चायत. नेपालीपत्र, २५ चैत, पृ. ४.

'नवीन', टेक बहादुर. २०४०. श्री रत्न रेकर्डिङ संस्थान. नेपाली सञ्चार क्षेत्रको चिनारी. पृ. ८-१०. काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग.

नाम उल्लेख नभएको. २०५४क. नेपालमा रेडियो. बहुलवादी नेपाली समाजमा आम सञ्चार. पृ. ९५-१११. काठमाडौंः पत्रकारिता विभाग, त्रिभुवन विश्वविद्यालय र फ्रेडरिक ईबर्ट स्टिफटुङ.

नाम उल्लेख नभएको. २०५४ख. रेडियो नेपालः दिन खाएको जुँगा नआएको. हाका-हाकी १(३)ः १६-२०

नेपाली, खगेन्द्र. २०३५. स्कूल प्रसारण. विकासका लागि सञ्चार. पृ. ४४-४९. काठमाडौंः आम सञ्चार गोष्ठी-२०३५.

न्यौपाने, कोषराज. २०५७. जुठा मुकुन्द आचार्य र चोखा नेपाली सांसदहरू. हिमालय टाइम्स, ३ बैशाख, पृ. ४.

पण्डित-क्षेत्री, वसन्तकेशर. २०५६. क्षेत्रीय प्रसारण केन्द्र, धनकुटाको गतिविधि. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. १२५-१२९. काठमाडौंः रेडियो प्रसार सेवा विकास समिति.

पोखरेल, भोजराज. २०५६. कार्यक्रम घटना र विचार. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. ३७-३८. काठमाडौंः रेडियो प्रसार सेवा विकास समिति.

पौडेल, मदन. २०५९. गाउँ-गाउँमा मानव अधिकार आन्दोलन र रेडियो श्रोता क्लवहरू. श्रोता क्लव ३(३) : ४-६.

प्रेस काउन्सिल नेपाल. २०४९क. सञ्चार योजना २०२८. प्रकाशनको दिग्दर्शन. तृतीय संस्करण. पृ. २१५-२८०. काठमाडौंः प्रेस काउन्सिल नेपाल.

प्रेस काउन्सिल नेपाल. २०४९ख. रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश २०४१. प्रकाशनको दिग्दर्शन. तृतीय संस्करण. पृ. १२५-१२८. काठमाडौंः प्रेस काउन्सिल नेपाल.

बस्नेत, बाबा. २०५३. रेडियो नेपालको प्रथम नाटक "धमिरा". समकालीन, २४ जेठ, पृ. ७.

भोजपुरे, हिरण्य. २०५८. सङ्गीत यात्रा. लेकालीको सङ्गीत-यात्रा. हिरण्य भोजपुरे, सं., पृ. ५-३०. काठमाडौंः लेकाली-नेपाल.

मरहट्टा, सङ्गीता. २०५६. माल पायो, चाल पाएन. हिमाल ९(१५)ः ५७.

मिडिया प्वाइन्ट. २०५५. मानव अधिकार शिक्षा रेडियो कार्यक्रम श्रोता सर्वेक्षण. अप्रकाशित प्रतिवेदन, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक).

मुकारुङ, बुलु. २०५६. नेपाली सङ्गीतको विकासमा रेडियो नेपाल र संलग्न कलाकारहरू. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. ११६-१२०. काठमाडौंः रेडियो प्रसार सेवा विकास समिति.

मुनाल, वासुदेव. २०५६. सम्झनाका पाना. झङ्कार (स्वर्ण महोत्सव स्मारिका) । टेक प्रसाद घिमिरे, सं., पृ. ११२-११५ । काठमाडौं. रेडियो प्रसार सेवा विकास समिति ।

रेडियो दर्पण. २०१४. रेडियो कार्यक्रमसम्बन्धी पुस्तिका. १-१५ असोज.

लायक्. २०५९(२०२२). रेडियो नेपाल र समाचार सेवा. ५-१८ पुस, पृ. २.

लुईंटेल, हरिगोविन्द. २०५२. लोकले गाएको भन्दैमा के सबै गीतहरू रेडियोमा बजाउने ? जनएकता, २२ साउन, पृ. ६.

लुईंटेल, हरिगोविन्द. २०५४. रेडियो र टिभीमा कायम पञ्चायती संस्कारः जनपक्षीय गीत सङ्गीतले किन स्थान नपाउने ? बुधबार, १६ पुस, पृ. ६.

वस्ती, विवश. २०५४. रेडियोबाट कस्ता गीतहरू बज्नुपर्छ ? बुधबार, ११ असार, पृ. ६.

शाक्य, नवीनप्रकाश. २०५६. दिपायल प्रसारण केन्द्रका गतिविधि. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं., पृ. १३५-१३६. काठमाडौंः रेडियो प्रसार सेवा विकास समिति.

शाह, भोग्यप्रसाद. २०५४. रेडियो नेपालको इतिहास र विकासक्रम. प्रसारण पत्रकारिता हाते किताब. दुर्गानाथ शर्मा, सं., पृ. १२०-१३०. काठमाडौंः नेपाल प्रेस इन्स्टिच्यूट.

श्री ५ को सरकार. २०४१. रेडियो नेपालको सुधार र सुदृढीकरण योजना २०४१. काठमाडौंः सञ्चार मन्त्रालय र प्रसार विभाग (रेडियो नेपाल).

श्री ५ को सरकार. २०४५. राष्ट्रिय सञ्चार नीति २०४५. काठमाडौंः सूचना तथा सञ्चार मन्त्रालय.

श्री ५ को सरकार. २०४९. राष्ट्रिय सञ्चार नीति २०४९. काठमाडौंः सूचना तथा सञ्चार मन्त्रालय.

श्रेष्ठ, मदनदास. २०५३/५४. रेडियो नाटक र यसको प्राविधिक पक्ष. झङ्कार, मंसिर-वैशाख, पृ. ६४-६६.

श्रेष्ठ, शान्ता. २०५२. खाली हात. ललितपुरः आनन्द-मोहन स्मृति गुठी.

श्रेष्ठ, हरि. २०५६क. सन्दर्भः रेडियो नेपाल. झङ्कार (स्वर्ण महोत्सव स्मारिका). टेक प्रसाद घिमिरे, सं. पृ. ६९-७३. काठमाडौंः रेडियो प्रसार सेवा विकास समिति.

श्रेष्ठ, हरि. २०५६ख. रेडियो नेपालः एक सम्झना. काठमाडौंः सरिता श्रेष्ठ.

सापकोटा, पुरुषोत्तम. २०५८. धार्मिक कार्यक्रमको नालीवेली. झङ्कार, वैशाख-चैत, पृ. ३७-३९.

सायमी, प्रकाश. २०५६. रेडियो नेपाल ज्यूँदै छ ? देशान्तर, १२ मंसिर, पृ. ६.

सायमी, प्रकाश. २०५८. नेपाली सङ्गीतको स्वर्णिम युग. काठमाडौंः भावक अभियान नेपाल.

सिंह, प्रकाशमान. २०१७. रेडियो नेपालको दशौं वार्षिकोत्सवको रिपोर्ट. झङ्कार, वैशाख, पृ. २१-२३.

सिंह, प्रकाशमान. २०२०. रेडियो नेपालको प्रगतिः एक झलक. युग ज्योति. पृ. अ-ऐ. काठमाडौंः श्री ५ को सरकार, पञ्चायत मन्त्रालय, रेडियो नेपाल.

सिंह, प्रकाशमान. २०२३. रेडियो नेपालको सोह्रौं जन्म जयन्तीको उपलक्ष्यमा प्रसार विभागका निर्देशक श्री प्रकाशमान सिंहको भाषण. युग प्रेरणा. पृ. २१३-२१६. काठमाडौंः श्री ५ को सरकार, प्रचार प्रसार मन्त्रालय, प्रसार विभाग.

सिजापति, रामविक्रम. २०४०. रेडियो नेपाल संक्षिप्त नालीबेली. रत्नश्री २१(२/३): १२-२३ र २१(४/५): २८-३६.

सुनुवार, पाण्डव. २०५६. रेडियो प्रसारणका आरोह अवरोह. काठमाडौंः ताहिरा सुनुवार.

सुब्बा, किरण. २०५२. श्रोता समाचार सुन्दैनन् तर रेडियो नेपाल सुनाइरहेछ. साल्पा २(५): १५-१६.

हाका-हाकी. २०५७. हाकाहाकी रेडियो श्रोता क्लबका गतिविधिहरू ४(६): ३७.

हुमागाई, देवराज. २०६०. खोज खबरको खोजी. मिडिया उत्पादन र अन्तर्वस्तु. रमेश पराजुली र प्रत्यूष वन्त, सं., पृ. १२५-१५४. काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

Boulay, Marc, J. Douglas Storey and Suruchi Sood. 2002. Indirect Exposure to a Family Planning Mass Media Campaign in Nepal. *Journal of Health Communication* 7: 379-399.

Butterworth, Barbara, et al. 1983. Final Evaluation Report: Radio Education Teacher Training Program (A joint project of MOEC/SIU and USAID project no. 367-0123, Nepal). Unpublished report.

Centre for Development Communication (CDC). 2001. Child and Women in Hakahaki Radio Magazine. Unpublished Report, CDC.

Communication Corner. 2001. Hakahaki Radio Magazine in 2001 (Annual listeners' survey on Hakahaki Radio magazine). Unpublished report, Communication Corner.

Dikshit, Kiranmani A. 1979. The Old Lady and the Farmers. In *Rural Radio: Programme Formats*. Kiranmani A. Dikshit, et al., pp. 11-24. Paris: UNESCO.

Holmes, Dwight R., Dibya Man Karmacharya and John K. Mayo. 1993. Radio Education in Nepal. In *Distance Education for Teacher Training*. H. Perraton, ed., pp. 136-195. London and New York: Routledge.

Khatri, Tek Bahadur. 1976. News Agencies. In *Mass Communication in Nepal*. pp. 39-41. Kathmandu: Department of Information, HMG.

Maung, Natalie Aye and Damodar Ghimire. 1997. *Radio Ownership and Listening in Nepal: A National Study*. Kathmandu: Audience Research Section, Radio Nepal.

New ERA. 1974. Radio Listening Patterns in Nepal 1974 (A pilot case study of the radio listening patterns among both radio owners and non-owners in various districts of Nepal). Unpublished report, New ERA.

New ERA. 1979. Radio for School Broadcasting in Nepal (An evaluation study of school broadcasting programme). Unpublished report, New ERA.

New ERA. 1984. An Evaluation of Radio Programme 'Hatemalo'. Unpublished report, New ERA.

New ERA. 1993. A Study on FP/MCH Radio Audience in Nepal. Unpublished report, New ERA.

Okwudishu, Chris O. 1983. A Cost-Effectiveness/Cost-Benefit Analysis of Educational Radio in Developing Countries: The Nepal Experience. PhD Thesis, Department of Curriculum, Instruction and Media, Graduate School Southern Illinois University at Carbondale.

Okwudishu, Chris O. and C.B. Klasek. 1986. An Analysis of the Cost-Effectiveness of Educational Radio in Nepal. *British Journal of Educational Technology* 3(17): 173-185.

Onta, Pratyoush. 2003. Radio and the Politics of Democratic Culture in Nepal. Paper presented at a conference 'The Agenda of Transformation: Inclusion in Nepali Democracy', organised by Social Science Baha, Kathmandu, 24-26 April.

Rajbhandari, Jayadhish. 1972. School Broadcasting and Its Importance in Nepal. *UNESCO Bulletin* 4(2): 23-25.

Research Inputs and Development Associates (RIDA).1989. Radio Nepal Programme Broadcast: An Audience Survey Report. Unpublished report, Radio Nepal.

Sharan, Mona and Thomas W. Valente. 2002. Spousal Communication and Family Planning Adoption: Effects of a Radio Drama Serial in Nepal. *International Family Planning Perspectives* 28(1): 16-25.

Sharma, Nil Kantha. 2003. A Study of Management and Functional Aspects of Farm Radio Programme of Agriculture Information and Communication Center (AICC). Unpubliced report, AICC.

Taylor, Daniel and Hem Hamal. 1974. Report on the Radio Listener Analysis Survey. In *Population Education for Nepal.* Daniel Taylor and Hem Hamal, pp. 54-60. Chapel Hill: Carolina Population Center, University of North Carolina at Chapel Hill.